सामयिक आलेख - १

# संविधान निर्माण प्रक्रिया
## सहमति र असहमतिका विषय

Alliance for
Social Dialogue

© Alliance for Social Dialogue (सामाजिक संवादका लागि सहकार्य)

आवरण सज्जाः शेहनाज बानु

प्रथम संस्करणः अगस्ट २०११

एलायन्स फर सोसल डायलग सचिवालय
सोसल साइन्स बहाः
पोस्ट बक्स नं. २५३३४, काठमाडौं, नेपाल
फोनः ४४७२८०७, फ्याक्सः ४४६१६६९
asd@asd.org.np
www.asd.org.np

## १. परिचय

नेकपा (माओवादी) को सशस्त्र विद्रोहको अन्त्य, विभिन्न समाजिक समूहका मागको सम्बोधन तथा सार्वभौम जनताले आफ्नो संविधान आफै लेख्न पाउनुपर्दछ भन्ने मान्यता स्थापित गर्ने उद्देश्यले वि.सं. २०६४ चैतमा संविधानसभाको निर्वाचन भएको हो। वि.सं. २०६५ साल जेठ १५ गते बसेको संविधानसभाको पहिलो बैठकले दुई वर्षभित्र संविधान निर्माण गर्ने पूर्वनिर्धारित लक्ष्य अनुमोदन गऱ्यो। तर, शान्ति प्रक्रिया र संविधानका विभिन्न मुद्दाहरूमा प्रमुख राजनीतिक दलहरूबीचको अन्तरविरोधका कारण पूर्वनिर्धारित दुई वर्षको अवधिमा संविधान निर्माण हुन सकेन।

वि.सं. २०६७ जेठ १४ गतेको संविधानसभा बैठकले एक वर्ष र २०६८ जेठ १४ गतेको अर्को बैठकले फेरि तीन महिनाको म्याद थप गरे पनि संविधान निर्माणसम्बन्धी विषयहरूमा देखिएका दलीय मतभिन्नताहरू अझै पनि समाधान हुन सकेका छैनन्। तोकिएको समयमा संविधान निर्माण हुन नसकेपछि तीन वर्ष तीन महिनाको अवधिलाई संविधानसभा र सभासद्हरूले त्यतिकै खेर फालेको आरोप लाग्ने गरेको छ। तर, यस अवधिमा संविधानसभा र सभासद्हरूले आफ्नो दायित्वअनुसार विषयगत समितिमार्फत प्रारम्भिक मस्यौदा बुझाइसकेका छन्। दलहरूबीचको असहमतिले गर्दा त्यसको निर्क्यौल हुन सकेको छैन। अहिले संविधानका एजेण्डाहरू संविधानसभा र सभासद्मा भन्दा पनि प्रमुख दलहरूको शीर्षनेतामा गएर अड्किएका छन्। यद्यपि, विभिन्न वार्ता र छलफलमार्फत ती एजेण्डाहरूमा समाधान खोज्ने प्रयास भने भइरहेको छ। यस आलेखमा विगत तीन वर्षको अवधिमा संविधान निर्माणमा के-के विषयमा सहमति भए र के-के विषय बाँकी छन् भन्ने कुरा संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ। विशेष गरेर सहमति जुट्न नसकेका मुद्दा र ती मुद्दामा प्रमुख तीन दल एकीकृत नेकपा (माओवादी), नेपाली काङ्ग्रेस (नेका), नेकपा (एमाले) र तराई-मधेसमा केन्द्रित मधेसी दलहरूको संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको अडान के छ भन्ने विश्लेषण गरिएको छ। यस आलेखमा वि.सं. २०६८ भदौ ५ गतेसम्मको विवरणलाई समेट्ने प्रयास गरिएको छ।

## २. असहमतिका विषय र दलहरूको अडान

संविधान निर्माणमा दलहरूबीच तीव्र विवादका विषयहरूमा मुख्यतः शासन प्रणाली, सङ्घीय स्वरूप र निर्वाचन प्रणाली रहेका छन्। एकीकृत माओवादी सुरुदेखि नै राष्ट्रपतीय शासनको पक्षमा अडिग छ भने 'संसदबाट निर्वाचित आलङ्कारिक राष्ट्रपति र संसदबाटै निर्वाचित कार्यकारी प्रधानमन्त्री हुनुपर्ने' अडानबाट नेपाली काङ्ग्रेस टसमस भएको छैन। यद्यपि, काङ्ग्रेसमा जनताबाट प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री हुने व्यवस्थामा जानुपर्छ भन्ने बहस पनि जारी छ। यसको नेतृत्व प्रदीप गिरीले गरेका छन्। प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र संसदबाट निर्वाचित आलङ्कारिक राष्ट्रपतिको पक्षमा रहेको एमालेले २०६८ जेठमा 'दुवै दललाई मिलाउने' भनी प्रत्यक्ष निर्वाचित राष्ट्रपति र संसदबाट निर्वाचित प्रधानमन्त्रीको अवधारणा ल्याएको थियो। यद्यपि, पछि छलफल गर्ने भनी यो मुद्दालाई एमालेले तत्कालका लागि थाति राखेको छ। तराई मधेस लोकतान्त्रिक पार्टीले चाहिँ संसदबाट निर्वाचित कार्यकारी राष्ट्रपति हुनुपर्ने धारणा ल्याएको छ।

सङ्घीय स्वरूपका सवालमा संविधानसभाको राज्य पुनर्संरचना र राज्यशक्ति बाँडफाँड समितिबाट पहिचान र सामर्थ्यलाई प्रमुख आधार मान्दै १४ प्रदेशको खाका बहुमतबाट पारित भएको छ। बैठकमा माओवादीले अघि सारेको उक्त प्रस्तावमा एमालेले सहमति जनाएपछि १४ प्रदेशको खाका बहुमतले पारित गरेको हो। एमालेले पछि पहिचानसहित सामर्थ्यलाई पनि जोड दिनुपर्ने भन्दै थोरै प्रदेश हुनुपर्ने धारणा राख्दै आएको छ। काङ्ग्रेस र एमालेलगायत दलले पहिचान, सामर्थ्य र भौगोलिक सुगमतालाई जोड दिनुपर्ने तर्क गरेका छन्। समितिबाट पारित प्रस्तावले सामर्थ्य र पहिचानलाई जोड्न नसकेको उनीहरूको भनाइ छ। काङ्ग्रेसले २०६८ साउनमा केन्द्रीय समितिको बैठकमार्फत सात प्रदेशको खाका अघि सारेको छ। मधेसवादी दलहरूले समग्र मधेस, एक प्रदेश हुनुपर्ने माग राख्दै आएका छन्। राष्ट्रिय जनमोर्चा मात्रै संविधानसभाको त्यस्तो एउटा दल हो जसले मुलुकलाई सङ्घीयतामा लैजान नहुने जिकीर गर्दै आएको छ। उसले सङ्घीयता विरुद्ध अभियानै सञ्चालन गर्दै आएको छ।

निर्वाचन प्रणालीका विषयमा पनि दलहरूबीच मतभेद छ। संविधानसभा निर्वाचनका बेला (पहिलो हुने जित्ने (First Past the Post System-FPTP) र समानुपातिक (Proporational Electoral System) सहितको मिश्रित प्रणाली (Mixed Electoral System) हुनुपर्ने पक्षमा रहेको माओवादीले निर्वाचनपछि बहुसदस्यीय निर्वाचन प्रणाली (Multi Member Directly Election Proportional System) हुनुपर्ने अडान लिएको छ। काङ्ग्रेस संविधानसभा निर्वाचनमा अवलम्बन गरिएजस्तै मिश्रित निर्वाचन प्रणालीको पक्षमा छ भने एमालेले क्षतिपूर्तिसहितको मिश्रित निर्वाचन प्रणाली हुनुपर्ने धारणा अघि सारेको छ। यसरी मुलुकको भावी शासन प्रणाली, राज्य पुनर्संरचनाका साथै निर्वाचन प्रणालीजस्ता संविधान निर्माणका मूलभूत र पेचिला मुद्दामा दलहबीचको असहमति कायमै छ।

## २.१. असहमति कायम रहेका विषय

### क. शासकीय स्वरूप

कार्यकारी अधिकार राष्ट्रपतिमा रहने किसिमको राष्ट्रपतीय प्रणालीमा जाने कि बेलायतको जस्तो कार्यकारी अधिकार प्रधानमन्त्री र मन्त्रिपरिषद्मा रहने 'वेस्टमिन्स्टर' मोडेलमा या योभन्दा बेग्लै नयाँ शासकीय पद्धतिमा जाने भन्नेमा दलहरूबीच विवाद छ। मन्त्रिपरिषद्को अध्यक्ष प्रधानमन्त्री हुने कि कार्यकारी राष्ट्रपति ? मन्त्रिपरिषद् गठन कसरी हुने ? राष्ट्रप्रमुख कार्यकारी हुने कि आलङ्कारिक या संवैधानिक ? भन्नेजस्ता विषयमा मतान्तर छ।

राष्ट्रपतीय प्रणालीको वकालत गर्ने नेकपा (माओवादी) प्रधानमन्त्री नै नराख्ने पक्षमा छ। उसले राष्ट्रपति र प्रधानमन्त्री हुँदा द्वैधसत्ता कायम हुन सक्ने तर्क गरेको छ। जनताबाट निर्वाचित कार्यकारी राष्ट्रपतिको व्यवस्था गर्दा लोकतन्त्र पनि सुदृढ हुने उसको दाबी छ। काङ्ग्रेस, एमालेलगायत केही दलले भने राष्ट्रपतीय प्रणालीमा 'सबै शक्ति एक ठाउँमा रहने र त्यसबाट निरङ्कुसता जन्मने खतरा हुने र देशको विविधतालाई पनि प्रतिनिधित्व गर्न नसक्ने' तर्क गरेका छन्।

जनताबाट प्रत्यक्ष निर्वाचित राष्ट्रपतिलाई सम्बन्धित दलको केन्द्रीय कार्यकारिणीको कम्तीमा दुईतिहाइ सदस्यले

फिर्ता बोलाउने माओवादीको प्रस्ताव त झनै लोकतान्त्रिक नभएको अन्य दलको जिकिर छ। काङ्ग्रेस र एमालेको भनाइमा 'जनताबाट निर्वाचित राष्ट्रपतिलाई पार्टीले फिर्ता बोलाउने व्यवस्था लोकतान्त्रिक मूल्य र मान्यतासँग मेल खाँदैन ।'

व्यवस्थापिकामा प्रतिनिधित्व गर्ने सबै दलको प्रतिनिधित्वको आधारमा मन्त्रिपरिषद् गठन गर्नुपर्ने माओवादी प्रस्ताव छ। प्रतिपक्षविहीन सहमतीय मन्त्रिपरिषद्को माओवादी प्रस्तावलाई भने अन्य दलले लोकतान्त्रिक नभएको टिप्पणी गरेका छन् ।

नेपाली काङ्ग्रेसले संवैधानिक राष्ट्रपतिसहित व्यवस्थापिकामा बहुमत प्राप्त कार्यकारी प्रधानमन्त्री रहने शासन व्यवस्थाको वकालत गरेको छ। यसबाट शक्तिपृथकीकरण हुने, नियन्त्रण र सन्तुलन हुने भएकाले देशमा लोकतन्त्र संस्थागत हुन्छ भन्ने काङ्ग्रेसको जिकीर छ। अर्कोतर्फ संवैधानिक राष्ट्रपतिले मात्रै नेपालको बहुजातीय, बहुभाषिक, बहुधार्मिक विविधतालाई प्रतिनिधित्व गर्न सक्ने काङ्ग्रेसको भनाइ छ।

एमालेचाहिँ जनताबाट प्रत्यक्ष कार्यकारी प्रधानमन्त्री र संसदबाट निर्वाचित संवैधानिक राष्ट्रपतिको पक्षमा देखिन्छ। 'विगतको संसदीय अभ्यासमा निर्वाचित प्रधानमन्त्रीले ढुक्कसँग काम गर्न नपाएको, सरकार बनाउने र ढाल्ने अभ्यासले राजनीतिमा धेरै विकृति भित्रिएका कारण जनताबाट निर्वाचित प्रधानमन्त्रीले देशमा राजनीतिक स्थिरता दिने' तर्क गर्दै एमालेले यो प्रस्ताव ल्याएको हो । राष्ट्रपतिले विविधतालाई प्रतिनिधित्व गर्नसक्ने र कार्यकारी प्रधानमन्त्रीले निर्धक्क भएर काम गर्दा सङ्घीयता दह्रो हुने एमालेको तर्क छ । जनताबाट निर्वाचित प्रधानमन्त्रीको पक्षमा रहँदै आएको एमालेले समितिको बैठकमा भने काङ्ग्रेसको एजेण्डा 'संसदबाट निर्वाचित प्रधानमन्त्री र संवैधानिक राष्ट्रपति'को पक्षमा मतदान गऱ्यो । समितिमा भएको मतदानपछि शासकीय स्वरूपलाई लिएर एमालेमा देखिएको विवाद अझै बाँकी छ।

तराई मधेस लोकतान्त्रिक पार्टी (तमलोपा) ले संसदबाट निर्वाचित हुने राष्ट्रपतिको व्यवस्था हुनुपर्ने तर्क गरेको छ। तमलोपाले प्रधानमन्त्री नहुने र राष्ट्रपति संसदबाट निर्वाचित व्यवस्थाले काङ्ग्रेस, एमाले र माओवादीले अघि सारेको फरकफरक प्रस्तावलाई समेट्न सक्ने र साझा सहमति हुने दाबी गरेको छ।

**ख. निर्वाचन प्रणालीमा मतभेद**

राष्ट्रप्रमुख, प्रधानमन्त्री र संसदको निर्वाचन प्रणालीबारे पनि दलहरूबीच असहमति छ । एकीकृत माओवादीले बहुसदस्यीय प्रत्यक्ष समानुपातिक निर्वाचन प्रणाली (Multi Member Directly Election Proportional System) हुनुपर्ने अडान राखेको छ। बहुसदस्यीय निर्वाचन प्रणाली भन्नाले पार्टीको चुनाव चिह्नमा प्रत्यक्ष भोट माग्ने र जुन पार्टीले सबभन्दा बढी मत ल्याउँछ उसका सम्बन्धित क्षेत्रका सबै उम्मेदवार विजयी हुने प्रणाली हो । जस्तै, काठमाडौंका १० निर्वाचन क्षेत्रमा पार्टीहरूले १० जना उम्मेदवार उठाए पनि मतदाताले एकमत मात्र प्रयोग गर्न पाउँछन् । यसो गर्दा समग्र जिल्लामा जुन पार्टीले बढी मत प्राप्त गर्छ ती सबै क्षेत्रमा उसैका उम्मेदवार विजयी भएको घोषणा हुन्छ। माओवादीले उठाउँदै आएको यो प्रणाली 'लोकतान्त्रिक नभएको' अन्य दलको जिकिर छ।

तालिका १ : **संविधान निर्माणमा सहमति जुटाउन बाँकी प्रमुख विषयहरूमा संविधानसभाका चार प्रमुख शक्तिहरूको अडान**

| | **पार्टीहरूको धारणा** | | | | |
|---|---|---|---|---|---|
| **मुद्दा** | **एकीकृत नेकपा (माओवादी)** | **नेपाली काङ्ग्रेस** | **नेकपा (एमाले)** | **तराई मधेस केन्द्रित/ आधारित पार्टीहरू** | **अन्य** |
| शासन प्रणाली | प्रत्यक्ष रूपमा निर्वाचित राष्ट्रपतीय प्रणाली | संवैधानिक राष्ट्रपतिसहित व्यवस्थापिका-संसदबाट निर्वाचित कार्यकारी अधिकारसहितको प्रधानमन्त्री | संवैधानिक राष्ट्रपतिसहित व्यवस्थापिका-संसदबाट निर्वाचित कार्यकारी अधिकारसहितको प्रधानमन्त्री[1] | व्यवस्थापिकाबाट निर्वाचित राष्ट्रपतीय प्रणाली (तमलोपा) | |
| मन्त्रिपरिषद् गठन विधि | राष्ट्रपतिले आफ्नो अध्यक्षतामा तत्काल कायम रहेको व्यवस्थापिकामा प्रतिनिधित्व गर्ने दलहरूले पाएको सिट सङ्ख्याको अनुपातमा व्यवस्थापिका-सदस्यहरूमध्येबाट समानुपातिक एवं समावेशी सिद्धान्तका आधारमा मन्त्रिपरिषद्को गठन गर्ने | राष्ट्रपतिले व्यवस्थापिकाको तल्लो सदनमा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्रीमा नियुक्त गरी उनकै अध्यक्षतामा मन्त्रिपरिषद् गठन गर्न सक्ने | राष्ट्रपतिले व्यवस्थापिकाको तल्लो सदनमा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गरी उनकै अध्यक्षतामा मन्त्रिपरिषद् गठन गर्न सक्ने[2] | राष्ट्रपतिले गर्ने मन्त्रिपरिषद्मा राष्ट्रपति, उपराष्ट्रपति तथा अन्य मन्त्रीहरू रहने मन्त्रिपरिषद्को अध्यक्षता राष्ट्रपतिले गर्ने (तमलोपा) | |
| निर्वाचन प्रणाली | बहुसदस्यीय प्रत्यक्ष समानुपातिक निर्वाचन प्रणाली (Multi Member Directly Election Proportional System) | मिश्रित सदस्यीय समानुपातिक निर्वाचन प्रणाली (Mixed Member Proportional Electoral System) | मिश्रित सदस्यीय समानुपातिक निर्वाचन प्रणाली (Mixed Member Proportional Electoral System) | मिश्रित निर्वाचन प्रणाली (तमलोपा) (Mixed Electoral System) | |
| मताधिकारका लागि उमेर | १६ | १८ | १८ | १८ | |

१ दलहरूबीचको छलफलका क्रममा भने जनताबाट प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र संवैधानिक राष्ट्रपति हुनुपर्ने धारणा राख्दै आएको छ। संविधानसभाको चुनावी घोषणापत्रमा पनि यही कुरा उल्लेख गरिएको थियो। तर, पछि समितिमा भएको मतदानको क्रममा भने 'संवैधानिक राष्ट्रपतिसहित व्यवस्थापिका-संसदबाट निर्वाचित कार्यकारी अधिकारसहितको प्रधानमन्त्री'को काङ्ग्रेस प्रस्तावलाई साथ दिएको हो। काङ्ग्रेसले भने त्यतिखेर निर्वाचन प्रणालीका सवालमा एमालेलाई साथ दिएको थियो।

२ छलफलका क्रममा राष्ट्रपतिले जनताबाट प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको अध्यक्षतामा मन्त्रिपरिषद् गठन गर्न सक्ने धारणा ल्याएको छ।

| | पार्टीहरूको धारणा | | | | |
|---|---|---|---|---|---|
| **मुद्दा** | **एकीकृत नेकपा (माओवादी)** | **नेपाली काङ्ग्रेस** | **नेकपा (एमाले)** | **तराई मधेस केन्द्रित/ आधारित पार्टीहरू** | **अन्य** |
| जग्गाको हदबन्दी | जग्गाको हदबन्दी तोक्ने | राज्यले वैज्ञानिक भूमिसुधारको प्रयोजनका लागि बाहेक नागरिकको सम्पत्ति सीमा तोक्ने गरी कानुन बनाउन नपाउने | हदबन्दी तोक्ने | राज्यले व्यक्तिको आर्जन वा सम्पत्ति सीमा तोक्ने गरी कुनै कानुन बनाउन नपाउने (मधेसी जनअधिकार फोरम नेपाल, तमलोपा र सद्भावना पार्टी) | उत्पादनका मुख्य साधन तथा सेवाको राष्ट्रियकरण गर्न र राज्यले व्यक्तिको सम्पत्तिमा सीमा तोक्न सक्ने (नेमकिपा) |
| क्षतिपूर्ति | हदबन्दीभन्दा माथिको जग्गा प्राप्त गर्दा राज्यले क्षतिपूर्ति दिनु नपर्ने । | हदबन्दीभन्दा माथिको जग्गा प्राप्त गर्दा राज्यले क्षतिपूर्ति दिनुपर्ने | हदबन्दीभन्दा माथिको जग्गा प्राप्त गर्दा राज्यले क्षतिपूर्ति दिनुपर्ने | | |
| समग्र सम्पत्तिमा सीमा | तोक्नुपर्ने | तोक्न नहुने | तोक्न नहुने | | |
| मौलिक हक तथा निर्देशक सिद्धान्तमा उल्लेखित सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको सट्टा के राख्ने ? | जनताको सङ्घीय गणतन्त्र | बहुलवाद र बहुदलीय प्रतिष्पर्धामा आधारित सङ्घीय लोकतान्त्रिक गणतन्त्र | बहुलवाद र बहुदलीय प्रतिस्पर्धामा आधारित सङ्घीय लोकतान्त्रिक गणतन्त्र | बहुलवादसहितको बहुदलीय प्रतिस्पर्धामा आधारित सङ्घीय लोकतान्त्रिक गणतन्त्र (मधेसी जनअधिकार फोरम नेपाल, तमलोपा र सद्भावना पार्टी) | समाजवादी गणतन्त्र (नेमकिपा) |

| | पार्टीहरूको धारणा | | | | |
|---|---|---|---|---|---|
| **मुद्दा** | **एकीकृत नेकपा (माओवादी)** | **नेपाली काङ्ग्रेस** | **नेकपा (एमाले)** | **तराई मधेस केन्द्रित/ आधारित पार्टीहरू** | **अन्य** |
| आदिवासी र जनजातिको आत्मनिर्णय र स्वशासन | आदिवासी, जनजाति, समुदायलाई आत्मनिर्णयको अधिकारसहित स्वशासन र स्वायत्तताको अधिकार हुने | | आदिवासी तथा स्थानीय समुदायलाई पहिचानको हक, प्राकृतिक स्रोतमाथि प्राथमिकताको हक, स्वशासनको हक तथा राष्ट्रिय अखण्डता, समग्र राष्ट्रिय हित र एकतालाई सुदृढ गर्दै संविधान र प्रचलित कानुनमा रही आत्मनिर्णयको हक हुने | | |
| स्वायत्त मधेस प्रदेश | मधेसी समुदायलाई आत्मनिर्णयको अधिकारसहित स्वायत्तताको अधिकार हुने | मधेसी समुदायलाई आर्थिक, सामाजिक, सांस्कृतिक अवसर र लाभको समान वितरण तथा सो समुदायभित्रका विपन्न र पिछडिएका वर्गको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि विशेष अवसर र लाभप्राप्त हक हुने | मधेसी समुदायलाई आर्थिक, सामाजिक, सांस्कृतिक अवसर र लाभको समान वितरण तथा सो समुदायभित्रका विपन्न र पिछडिएका वर्गको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि विशेष अवसर र लाभप्राप्त हक हुने | मधेसी समुदायको आत्मनिर्णयको अधिकारसहित स्वायत्त मधेस प्रदेश र त्यहाँको भूमि तथा प्राकृतिक स्रोतमाथि अग्राधिकार हुने (मधेसी जनअधिकार फोरम नेपाल, तमलोपा र सद्भावना पार्टी ) | |

| मुद्दा | पार्टीहरूको धारणा | | | | |
|---|---|---|---|---|---|
| | एकीकृत नेकपा (माओवादी) | नेपाली काङ्ग्रेस | नेकपा (एमाले) | तराई मधेस केन्द्रित/आधारित पार्टीहरू | अन्य |
| सामाजिक सुरक्षामा प्राथमिकता | विगतमा भएका सबै जनआन्दोलन, जनयुद्ध र मधेस आन्दोलनका क्रममा शहीद भएकाहरूको परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, अपाङ्ग र घाइतेलाई राज्यका सबै संयन्त्रमा सहभागिता, सरकारी र सार्वजनिक सेवामा विशेष सुविधा, शिक्षा, स्वास्थ्य, रोजगार, आवास, सामाजिक सुरक्षा, राहत र निवृत्तिभरणको हक हुनेछ | | लोकतन्त्र प्राप्तिका लागि भएका सबै आन्दोलन सङ्घर्षका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपाङ्ग, घाइतेका लागि राज्यबाट न्याय, उचित सम्मान तथा शिक्षा, स्वास्थ्य, रोजगारी आवास तथा सामाजिक सुरक्षामा प्राथमिकताका साथ अवसर प्रदान गर्ने | | |
| अग्राधिकार | आदिवासी र स्थानीय समुदायलाई भूमि र प्राकृतिक सम्पदामाथि अग्राधिकारको अधिकार हुनेछ | अग्राधिकारको व्यवस्था हुनु हुँदैन | अग्राधिकारको व्यवस्था हुनु हुँदैन | मधेसी समुदायलाई आत्मनिर्णयसहितको अधिकार र स्वायत्त मधेस प्रदेश राज्यको सुनिश्चितताको साथै त्यहाँको भूमि र प्राकृतिक स्रोतमाथि अग्राधिकार हुनेछ (मधेसी जनअधिकार फोरम नेपाल, तमलोपा र सद्भावना पार्टी) | |

| | पार्टीहरूको धारणा | | | | |
|---|---|---|---|---|---|
| मुद्दा | एकीकृत नेकपा (माओवादी) | नेपाली काङ्ग्रेस | नेकपा (एमाले) | तराई मधेस केन्द्रित/ आधारित पार्टीहरू | अन्य |
| आत्मनिर्णयको परिभाषा | | | | | |
| प्रस्तावनामा जनयुद्ध शब्द राख्ने कि नराख्ने | राख्नुपर्ने | राख्न नहुने | राख्न नहुने | राख्न नहुने | |
| समावेशी | संविधानको प्रस्तावनामा जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक समानुपातिक समावेशी शासन व्यवस्था हुनुपर्ने | बहुलवादमा आधारित भन्ने शब्दहरू थप्नुपर्ने | संविधानको प्रस्तावनामा जनताको समानुपातिक समावेशीका सट्टा बहुदलवादमा आधारित भन्ने शब्दहरू राख्नुपर्ने | | |
| संविधान संशोधन | संशोधन गर्न नपाइने प्रावधान राख्न नहुने | गणतन्त्रात्मक व्यवस्था, विधिको शासन, स्वतन्त्र न्यायपालिका, मौलिक अधिकार, प्रेस स्वतन्त्रता, बहुलवाद, बहुदलीय प्रतिष्पर्धा, सङ्घीयता, बालिग मताधिकार र आवधिक निर्वाचनसम्बन्धी मूल्य-मान्यताहरूको विपरीत हुने गरी संविधान संशोधन गर्न नपाइने | | | |

| | पार्टीहरूको धारणा | | | | |
|---|---|---|---|---|---|
| मुद्दा | एकीकृत नेकपा (माओवादी) | नेपाली काङ्ग्रेस | नेकपा (एमाले) | तराई मधेस केन्द्रित/ आधारित पार्टीहरू | अन्य |
| प्रतिनिधित्व | कुनै सङ्घीय एकाइको सिमाना र अधिकारबारे संविधान संशोधनका लागि 'सहमतिका निम्ति पेस भएको विधेयक बहुमत सङ्घीय एकाइका विधायिकाले तीन महिनाभित्र तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको बहुमतबाट स्वीकृत वा अस्वीकृत गरी सोको जानकारी सङ्घीय विधायिकामा पठाउनुपर्ने' | | | बहुमत सङ्घीय एकाइको विधायिकाका सट्टामा '५० प्रतिशतभन्दा बढी जनताको प्रतिनिधित्व गर्ने सङ्घीय एकाइको विधायिकाले' भन्ने शब्द थप्नुपर्ने (तमलोपा) | |
| राजदूत तथा विशेष प्रतिनिधि नियुक्ति | समानुपातिक समावेशी सिद्धान्तका आधारमा | समावेशी सिद्धान्तका आधारमा | समावेशी सिद्धान्तका आधारमा | समानुपातिक समावेशी सिद्धान्तका आधारमा | |
| राज्य पुनर्संरचना | समय छोटो भएकाले आयोग गठन गर्दा राम्रो नहुने | आयोग गठनपछि मात्र गरिनुपर्ने | दलीय सहमतिका आधारमा अघि बढ्ने | आयोग कुनै हालतमा पनि बनाउन नहुने । विज्ञहरूको समूहबाट सुझाव लिन सकिने | |

माओवादीले चुनावका बेला जनतासामु सार्वजनिक गरेको प्रतिज्ञापत्रमा मिश्रित निर्वाचन प्रणाली उल्लेख गरे पनि पछि संविधानसभामा बहुसदस्यीय समानुपातिक प्रत्यक्ष निर्वाचन पद्धतिमा अडान राखेको हो ।

काङ्ग्रेसले पहिलो हुने निर्वाचित हुने (First Past the Post System-FPTP) र समानुपातिक निर्वाचन प्रणाली (Proporational Electoral System) दुवै रहेको मिश्रित सदस्यीय समानुपातिक निर्वाचन प्रणाली (Mixed Member Proportional Electoral System) हुनुपर्ने अडान राख्दै आएको छ । संविधानसभाको निर्वाचनमा पनि यही प्रणाली अपनाइएको थियो । यसअनुसार कुल सांसदहरूमध्ये निश्चित सङ्ख्या प्रत्यक्ष निर्वाचनवाट आउँछन् भने अर्को निश्चित सङ्ख्याचाहिँ राजनीतिक दलहरूले प्राप्त गरेको मतको आधारमा समानुपातिक सूचीबाट निर्वाचित

तालिका २: **समाधान नभएका प्रश्नहरू**

१. देशको शासकीय स्वरूप कस्तो हुने ?
२. मन्त्रिपरिषद् कसरी गठन हुने ?
३. मन्त्रिपरिषद्को अध्यक्ष को हुने ? राष्ट्रपति वा प्रधानमन्त्री ?
४. राष्ट्रप्रमुख कार्यकारी हुने वा आलङ्कारिक हुने ?
५. राष्ट्रप्रमुख र प्रधानमन्त्री दुवै रहने वा नरहने ?
६. राष्ट्रप्रमुख र प्रधानमन्त्रीको निर्वाचन कसरी गर्ने ?
७. राष्ट्रप्रमुख र प्रधानमन्त्रीको पदमुक्ति कसरी हुने ?
८. आधारभूत संरचनाको सिद्धान्तलाई अभिव्यक्त रूपमा स्वीकार गर्ने वा नगर्ने ?
९. सङ्घीय विधायिकाको निर्वाचन प्रणाली कस्तो हुने ? प्रतिनिधित्वको आधार जनसङ्ख्या र भूगोल दुवैलाई बनाउने वा जनसङ्ख्यालाई मात्र बनाउने ?
१०. अन्तरिम संविधानमा राज्यको पुनर्संरचना गर्नका लागि सुझाव दिन उच्चस्तरीय आयोगको गठन गरिने व्यवस्था रहे पनि हुन नसकेको तर संविधानसभाको राज्य पुनर्संरचना समितिबाट पुनर्संरचनाको प्रारम्भिक खाका तयार भई सर्वसम्मत हुन नसकेको अवस्थामा सबैलाई मान्य हुने निकास कसरी निकाल्ने ?
११. आत्मनिर्णय र राजनीतिक अग्राधिकारसम्बन्धी विषयलाई संविधानमा कसरी सम्बोधन गर्ने ?
१२. मानवता विरुद्धको अपराधमा भूतप्रभावी कानुन बनाएर सजाय गर्न सकिने वा नसकिने ?
१३. प्रस्तावनामा माओवादी जनयुद्धलगायत सबै आन्दोलनको नाम उल्लेख गर्ने वा माओवादी जनयुद्धलगायत सबै आन्दोलनको नाम व्याख्यात्मक टिप्पणीमा राख्ने वा माओवादी जनयुद्ध व्याख्यात्मक टिप्पणीमा पनि नराख्ने ?
१४. सार्वभौमसत्ता, राष्ट्रिय स्वाधीनता, सङ्घीयता, बहुलवाद, धर्म निरपेक्षता, समानुपातिक समावेशी, स्थानीय स्वायत्तता र स्वशासनको प्रतिकूल असर पर्ने गरी संविधान संशोधन हुन नसक्ने भन्ने व्यवस्था राख्ने वा नराख्ने ?
१५. नेपाली राजदूत र विशेष प्रतिनिधि नियुक्ति समानुपातिक समावेशी सिद्धान्तका आधारमा गर्ने वा समावेशी सिद्धान्तको आधारमा गर्ने ?
१६. सम्पत्तिसम्बन्धी हकमा जग्गाको हदबन्दी लाग्ने कि नलाग्ने ?
१७. समग्र सम्पत्तिमा सीमा तोक्ने वा नतोक्ने ?
१८. समग्र मधेसलाई एउटै प्रदेश कायम गर्ने वा नगर्ने ?
१९. स्थानीय तहलाई कानुन बनाउन अधिकार दिन उपयुक्त हुने वा नहुने ?

स्रोतः संवैधानिक समिति

भएर आउँछन् । अहिलेको संविधानसभा पनि पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ २४०, समानुपातिक निर्वाचन प्रणालीतर्फ ३३५ गरी जम्मा ५७५ र पछि २६ जनालाई मनोनयन गरी ६०१ सदस्यीय बनाइएको हो ।

एमालेले पहिलो हुने निर्वाचित हुने र समानुपातिक दुवै मिश्रित रहेको क्षतिपूर्तिसहितको मिश्रित निर्वाचन प्रणाली (Compansatory Mixed Member Proportional Electoral System) हुनुपर्ने मत राख्दै आएको छ । क्षतिपूर्तिसहितको मिश्रित निर्वाचन प्रणालीमा प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीमा कुनै राजनीतिक दलले प्राप्त गरेको मतलाई जोडी त्यसले कुल सदरमतलाई भाग गर्दा आउने बराबरको स्थान प्राप्त हुन्छ । जबकि समानुपातिक निर्वाचन प्रणालीमा भने समानुपातिकमा जति मत ल्यायो, त्यसै आधारमा स्थान प्राप्त हुन्छ ।

क्षतिपूर्तिसहितको मिश्रित निर्वाचन प्रणालीबाट ठूला दलहरूलाई भन्दा साना दललाई बढी फाइदा हुन्छ । जस्तो संविधानसभाको निर्वाचनमा कुल सदरमत १ करोड ७ लाख ३९ हजार ७८ मत थियो । माओवादीले प्रत्यक्षमा ३१ लाख ४५ हजार ५ सय १९ र समानुपातिक तर्फ ३१ लाख ४४ हजार २ सय ४ मत प्राप्त गरेका थिए । यी दुवैलाई जोडदा ६२ लाख ८९ हजार ७ सय २३ मत हुन पुग्छ । यसले कुल सदर मतलाई भाग गर्दा माओवादीको भागमा १७० स्थान पर्छ । यस स्थितिमा माओवादीले प्रत्यक्षतर्फ १२० स्थान ल्याएका कारण समानुपातिकबाट उसको भागमा ५० स्थान मात्रै पर्थ्यो । जबकि समानुपातिक निर्वाचन प्रणालीमा भने समानुपातिकमा जति मत ल्यायो, त्यसै आधारमा स्थान प्राप्त हुन्छ । त्यसअनुसार माओवादीले समानुपातिकबाट मात्रै १ सय स्थान पाएको थियो । संविधानसभा निर्वाचनमा यो प्रणाली अपनाएको भए माओवादीले समानुपातिकतर्फ ५० स्थान मात्रै प्राप्त गर्थ्यो भने बाँकी ५० स्थान क्षतिपूर्तिस्वरूप अन्य दलहरूमा जान्थ्यो ।

शासकीय स्वरूप निर्धारण समितिको निर्वाचनमा संसदबाट बहुमत प्राप्त व्यक्तिलाई प्रधानमन्त्री बनाउनुपर्ने काङ्ग्रेसको प्रस्तावमा एमालेले समर्थन गरेपछि एमालेले अघि सारेको क्षतिपूर्तिसहितको निर्वाचन प्रणालीमा काङ्ग्रेसले एमालेलाई साथ दिएको थियो ।

### ग. सङ्घीयता थाति रहेको विषय

सङ्घीय संरचनाको आधार के हुने ? यो अर्को विवादित विषय हो जसको छिनोफानो नगरी संविधान लेखनले गति लिन सक्दैन । दलहरूबीच देशलाई सङ्घीय ढाँचामा रूपान्तरण गर्ने सहमति भए पनि केका आधारमा प्रदेश निर्माण गर्ने, कति प्रदेश बनाउने, तिनको सीमाङ्कन कसरी गर्ने, नामाङ्कन के गर्नेलगायत विषयमा गहिरो असहमति छ ।

माओवादीले जातीय पहिचानको आधारमा प्रदेश निर्माण हुनुपर्ने भन्दै संविधानसभाको समितिबाट पारित १४ प्रदेशको प्रस्तावमा जोड दिएको छ । काङ्ग्रेस र एमालेलगायतका दलले पहिचान, सामर्थ्य र भौगोलिक सुगमतालाई जोड दिनुपर्ने बताउदै आएका छन् । समितिबाट पारित प्रस्तावले सामर्थ्य र पहिचानलाई जोड्न नसकेको उनीहरूको भनाइ छ । अहिले एमालेले त्यसभन्दा थोरै प्रदेश निर्माण हुनुपर्ने माग गरेको छ । अर्कोतर्फ काङ्गेसले ६ देखि ८ वटासम्म प्रदेश निर्माण गर्नमा जोड दिइरहेको छ । मधेसवादी दलहरूले भने समग्र मधेस, एक प्रदेश नभएको भन्दै प्रस्तावित खाकाको आलोचना गरेका छन् । राष्ट्रिय जनमोर्चाले सङ्घीयता विरुद्ध अभियानै सञ्चालन गर्दै आएको छ ।

**घ. कस्तो लोकतन्त्र ?**

लोकतन्त्र र लोकतान्त्रिक मूल्य-मान्यता भन्ने शब्दप्रति सबै दल सहमत छन् । तर, त्यसलाई बुझ्ने र परिभाषा गर्ने क्रममा एकरूपता छैन । काङ्ग्रेस, एमालेलगायतका दलहरूले प्रेस स्वतन्त्रता, विधिको शासन, मानवअधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, स्वतन्त्र न्यायपालिका, बहुलवादलाई संशोधन गर्न नपाइने व्यवस्था गर्नुपर्नेमा जोड दिएका छन् । माओवादीले भने सार्वभौमसत्ता सम्पन्न जनताको परिवर्तनको इच्छालाई रोक्ने वा प्रतिबन्ध लगाउने कुरा कुनै पनि लोकतान्त्रिक मूल्य-मान्यताभित्र नपर्ने तर्क गर्छ । संवैधानिक समितिमा माओवादीले पेस गरेको फरक मतमा उल्लेख गरिएको छ – 'सार्वभौमसत्ता र राष्ट्रिय स्वाधीनताबाहेकका विषयहरू अपरिवर्तन हुन सक्दैनन् । तसर्थ अपरिवर्तनीय भनिएका विषय संविधानमा राखिनु हुँदैन । त्यसमा पनि प्रतिष्पर्धात्मक बहुदलीय व्यवस्थालाई आत्मसात् गरिसकेपछि 'बहुलवाद' जस्तो व्यवस्था राख्नु अवैज्ञानिक हुन्छ ।'

लोकतन्त्रको विश्वव्यापी मान्यताप्रति सहमति नजनाएको भन्दै काङ्ग्रेस, एमालेलगायतका दलहरूले माओवादीको नियतमाथि नै प्रश्न उठाउँदै आएका छन् । संविधानमा 'प्रेस स्वतन्त्रता, विधिको शासन, मानवअधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन' जस्ता लोकतन्त्रका आधारभूत सर्तलाई संविधानको अपरिवर्तनीय धारामा राख्न इन्कार गरेपछि माओवादीप्रति अन्य दलको संशय बढेको हो ।

**ङ. आधारभूत सिद्धान्त नटुङ्गिँदा समस्या**

संविधानका आधारभूत सिद्धान्तमा सहमति गरी अघि बढ्ने कि अहिलेसम्मका असहमतिका आधारमा तयार पारिएका प्रश्नावलीमाथि छलफल गर्दै जाने भन्नेमा दलहरूबीच मतभेद छ । फरक राजनीतिक उद्देश्य भएका दलहरू संविधान निर्माणमा सहभागी रहेको संविधानसभामा संविधानको आधारभूत सिद्धान्त नै निर्माण नगरी अघि बढ्दा पनि समस्या भएको छ । संवैधानिक समितिका सभापति निलाम्बर आचार्यले संविधानको आधारभूत सिद्धान्तमा सहमति नभएकाले नै संविधान निर्माण प्रक्रियामा बारम्बार गतिरोध आएको बताउँदै आएका छन् । नेपालको संविधानको आधारभूत सिद्धान्त र साझा धारणा निर्माण नगर्दा गन्तव्य पहिल्याउनै गाह्रो भइरहेको छ ।

काङ्ग्रेसलगायत दलले 'सिद्धान्त बनाउनुपर्ने' र माओवादीले 'पहिले सिद्धान्त तय गर्ने कुराले विवाद हुने बताउँदै आएका छन् ।[1] 'कस्तो व्यवस्था गर्दा सङ्घीयता, लोकतन्त्र र गणतन्त्र सुनिश्चित हुन्छ, त्यसैअनुसारको सिद्धान्त तय गरौं' भन्ने काङ्ग्रेसको तर्क छ भने माओवादीले 'संविधान बन्ने बेलासम्म मूलभूत सिद्धान्त आफैं तय हुने' बताएको छ । तर, सुरुमा माओवादी उपाध्यक्ष बाबुराम भट्टराईले संवैधानिक समितिको बैठकमा 'सिद्धान्त बनाएर जाऔं' भनी राखेको प्रस्तावमा अन्य पक्षको ध्यान नगएपछि यो एजेण्डा ओझेलमा पर्‍यो । जब माओवादीले बहुलवाद मान्य नहुने बताए, त्यसपछि मात्रै काङ्ग्रेसले यो अवधारणामा विशेष जोड दिएको हो ।

---

१ *नागरिक* दैनिक (कात्तिक ८, २०६७) । कार्यदललाई थप ११ दिन म्याद (पृष्ठ २) शीर्षकको समाचारमा 'बैठकमा संविधानका आधारभूत सिद्धान्त पहिले बनाउने कि अहिलेसम्मका असहमतिका आधारमा तयार पारिएका प्रश्नावलीमाथि छलफल गर्दै अगाडि जाने भन्नेमा मतभेद भएको' उल्लेख गर्दै काङ्ग्रेस संसदीय दलका नेता रामचन्द्र पौडेल र एकीकृत माओवादीका उपनेता नारायणकाजी श्रेष्ठलाई उद्धृत गरिएको छ ।

### च. शान्ति प्रक्रिया र सत्ता साझेदारीः संविधान निर्माणमा पेचिलो मुद्दा

संविधान निर्माण प्रक्रिया अघि बढ्न नसक्नुमा माओवादी हतियार व्यवस्थापनका साथै लडाकूको समायोजन मुख्य कारण हो । संविधानसभाको म्याद तेस्रो पटक सकिन लाग्दा दलहरूबीच भएको वार्ता हतियार र लडाकू समायोजनमा केन्द्रित हुनुले पनि सबभन्दा पेचिलो र जटिल मुद्दा यही भएको प्रस्ट्याउँछ ।

माओवादीले शान्ति प्रक्रिया र संविधान निर्माण सँगसँगै हुनुपर्ने जिकिर गर्दै आएको छ । काङ्ग्रेस, एमालेलगायत दलहरूले भने लडाकू समायोजन भएपछि मात्रै संविधान निर्माण हुनुपर्ने बताउँदै आएका छन् । सम्झौतामा ६ महिनाभित्र लडाकू समायोजन र दुई वर्षभित्र संविधान बनाइसक्ने उल्लेख गरिनुले पनि लडाकू समायोजन र संविधान निर्माणबीचको अवधिमा लामो समय ग्याप हुनुपर्ने उनीहरूको जिकिर छ ।

शान्ति सम्झौता भएको साढे चार वर्ष बितिसक्दा पनि लडाकू समायोजनको मोडालिटी, सङ्ख्या र मापदण्ड कायम हुन सकेको छैन । त्यस्तै सरकार, शान्ति प्रक्रिया र संविधान निर्माणको विषयलाई दलहरूले आफ्नो अनुकूलताअनुसार व्याख्या गर्दै आएका छन् । एउटै दलले पनि कहिले शान्ति प्रक्रिया, संविधान निर्माण र सत्ता साझेदारीलाई एकै ठाउँमा मिसाउने र कहिले अलगअलग हुनुपर्ने जिकिर गर्दै आएका छन् । सरकारमा रहँदा एउटा धारणा र प्रतिपक्षमा रहँदा अर्को विचार व्यक्त गर्ने दलहरूको प्रवृत्ति मूलतः सत्ताकेन्द्रित देखिन्छ ।

सिद्धान्ततः संविधान निर्माण र सरकार अलगअलग भएको जिकिर गरे पनि संविधान निर्माणका विषय सत्तामै आएर ठोक्किने भएकाले व्यावहारिक रूपमा संविधान निर्माण र सरकार अलग विषय हुन् भन्ने कुरालाई खण्डित गरिदिएको छ । जब राजनीतिक दलहरूबीच मतभेद गहिरिँदै जान्छ, तब सत्ता नै बहसको केन्द्रबिन्दुमा हुने गर्छ । यसले पनि संविधान निर्माण प्रक्रियामा सत्ताको प्रतिबिम्ब पर्ने गरेको छ र सरकार निर्माणको बहसले संविधान निर्माण प्रक्रियालाई ओझेलमा पार्ने गरेको छ ।

मतभेदका क्रममा सैद्धान्तिक पक्ष अघि सार्ने तर सत्ताप्राप्तिलाई मुख्य विषय बनाउने दलहरूको प्रवृत्तिले पनि समस्या झनै बल्झिरहेको छ । संविधानसभाको निर्वाचनपछि तीनवटा सरकार गठन भए । शान्ति प्रक्रियालाई टुङ्गो लगाई संविधान जारी गर्ने मुख्य प्रतिबद्धता जाहेर गरे पनि दलहरूबीच राष्ट्रिय सहमतिको सरकार गठनमा सहमति नभएकाले त्यसको प्रत्यक्ष प्रभाव शान्ति प्रक्रिया र संविधान निर्माणमा परेको छ । यसबीचमा मुख्य दलहरूले आआफ्नो नेतृत्वमा सरकार गठन गर्ने कामलाई मुख्य प्राथमिकता दिएकाले पनि संविधान शान्ति प्रक्रिया र संविधान निर्माणका साथै संविधानसभाको आयुमाथि नै प्रश्न उठेको हो ।

## २.२ असहमतिका विषयमा दलहरूको लचकता

संविधानसभाको निर्वाचनका बेला प्रत्यक्ष निर्वाचित राष्ट्रपति र व्यवस्थापिका संसदबााट निर्वाचित प्रधानमन्त्रीको पक्षमा रहेको माओवादी पछि राष्ट्रपति मात्रै हुनुपर्ने अडान राख्न पुग्यो । माओवादीका अध्यक्ष पुष्पकमल दाहालको प्रधानमन्त्रीत्वकालमा प्रक्रिया नपुऱ्याई तत्कालीन प्रधानसेनापति रुक्माङ्गत कटवाललाई हटाएपछि राष्टपतिले

थमौती गरिदिएका र त्यसैका कारण सरकारबाट बाहिरिएपछि माओवादी यो निष्कर्षमा पुगेको हो । संविधानसभाको निर्वाचनमा पार्टी अध्यक्ष पुष्पकमल दाहाललाई राष्ट्रपतिको रूपमा प्रोजेक्सन गर्नुले माओवादी सुरुदेखि नै शक्तिशाली राष्ट्रपतिको पक्षमा रहे पनि कटवाल प्रकरणपछि नाममात्रैको भए पनि अर्को समानान्तर संस्था राख्न नहुने पक्षमा पुगेको हो । राष्ट्रपति र प्रधानमन्त्री दुवै हुँदा द्वैधसत्ता कायम रहने भनी माओवादीले यो अवधारणा अघि सा¥यो जबकि अन्य दल भने लोकतन्त्रमा सन्तुलन र नियन्त्रणका लागि दुवै संस्था हुनुपर्ने तर्क गर्दै आएका छन् ।

संविधानसभा निर्वाचनका बेला (पहिलो हुनेले जित्ने र समानुपातिकसहितको मिश्रित प्रणाली) हुनुपर्ने अडानमा रहेको माओवादीले संविधानसभा निर्वाचनमा पहिलो हुनेले जित्ने प्रणालीमा आफ्नो दल बढी स्थानमा विजयी भएपछि बहुसदस्यीय निर्वाचन प्रणाली हुनुपर्ने अडान लिएको छ । यसरी माओवादीले आफू अनुकूल हुनेगरी अवधारणामा परिवर्तन ल्याएको घटनाले काङ्ग्रेस, एमालेलगायतका दलहरूमा संशय उत्पन्न गरेको छ ।

जनताबाट प्रत्यक्ष निर्वाचित राष्ट्रपतिलाई सम्बन्धित दलको केन्द्रीय कार्यसमितिले फिर्ता बोलाउन सक्ने, प्रतिपक्षविहीन सहमतीय मन्त्रिपरिषद् रहने र बहुलवाद र प्रेस स्वतन्त्रतालाई 'अपरिवर्तनीय' भनी संविधानमा उल्लेख गर्न नहुने भन्ने माओवादी धारणाका कारण अन्य दलले उसप्रति शङ्का व्यक्त गरेका हुन् । अर्कोतर्फ माओवादीलाई पनि शान्ति प्रक्रिया टुङ्ग्याएपछि संविधानमा आफ्ना एजेण्डा नपर्ने हुन् कि भन्ने डर देखिन्छ । त्यसैले पनि दलहरूबीच चरम अविश्वास पैदा भएको स्थिति छ ।

'प्रेस स्वतन्त्रता, विधिको शासन, मानवअधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन' जस्ता लोकतन्त्रका आधारभूत मूल्यमान्यतामा काङ्ग्रेस, एमालेलगायतका दलहरूको 'बटमलाइन' प्रस्ट छ । तर, माओवादीमा लोकतान्त्रिक मूल्यमान्यताका विषयमा यतिसम्म लचिलो हुने भन्ने बटमलाइन छैन । साथै, साम्यवादी व्यवस्था नै स्थापना गर्ने अडान राख्न पनि सक्दैन । कहिले उनीहरूले लोकतान्त्रिक मूल्यमान्यता स्वीकार गरेजस्तो लाग्छ भने कहिले त्यो विषयमा उनीहरू अडानमै रहेको देखिन्छ । जति बार्गेनिङ ग¥यो त्यति धेरै आफ्नो एजेण्डा कायम गर्न सकिन्छ भन्ने सिद्धान्तले माओवादी निर्देशित भएको देखिन्छ । मधेसवादी दलहरूलाई चाहिँ सिद्धान्तभन्दा पनि आफ्नो एजेण्डा गुम्ला र लोकप्रियतामा कमी आउला भन्ने डरले सताएको छ ।

## ३. सहमति कायम भएका केही विषय

संविधानसभाको म्याद थप गरेपछिको समयमा पनि संविधान निर्माणका विषयमा दलीय मतभिन्नता हट्न नसकेपछि सद्भावनाका सभासद् लक्ष्मणलाल कर्णको संयोजकत्वमा प्रतिवेदन अध्ययन तथा सुझाव समिति गठन गरियो । पछि, उनी बिनाविभागीय मन्त्री नियुक्त भएपछि त्यो जिम्मेवारी एमाले सभासद् अग्निप्रसाद खरेललाई दिइयो । खरेल समितिले विषयगत समितिका प्रतिवेदनमा रहेका मतभिन्नता केलाउँदै २१० विवादित विषयको सूची तयार ग¥यो । राज्य पुनर्संरचना समितिको भने ७८ प्रश्न अलग्गै छन् ।

तालिका ३: **संविधानसभाका समितिहरूलाई प्राप्त सुझावहरू (समिति गठनदेखि मस्यौदा तयार गर्दासम्मको अवधिमा)**

| क्र.सं | समितिको नाम | टोलीबाट | अन्य स्रोतबाट | इमेलबाट | नागरिक सम्बन्ध समितिबाट | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | संवैधानिक समिति | २६,६६३ | २४६ | - | २२८ | २७,१३७ |
| २ | मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति | २८,१०९ | २२,९५१ | - | ४०,८२६ | ९१,८८६ |
| ३ | अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति | ४१,२५० | २१९ | - | १०,२७१ | ५१,७४० |
| ४ | राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समिति | ४६,७४२ | ८२५ | २३ | १३३४० | ६०,९३० |
| ५ | व्यवस्थापकीय अङ्गको स्वरूप निर्धारण समिति | ३७,०३३ | ७२ | २० | ९६७ | ३८,०९२ |
| ६ | राज्यको शासकीय स्वरूप निर्धारण समिति | ४६,४०२ | - | १ | ११,१२० | ५७,५२३ |
| ७ | न्याय प्रणालीसम्बन्धी समिति | ४८,२१५ | ३१८ | - | ७६१ | ४९,२९४ |
| ८ | संवैधानिक निकायको संरचना निर्धारण समिति | ३३,७०२ | १०८ | ७२ | ५८९४ | ३९,७७६ |
| ९ | प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समिति | ३६,९८१ | ८९ | - | १५९४ | ३८,६६४ |
| १० | सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समिति | ३४,९०६ | १९७ | - | ११९७ | ३६,३०० |
| ११ | राष्ट्रिय हितको संरक्षण समिति | ४८,९८५ | ६८ | - | ९३६८ | ५८,४२१ |
| **जम्मा** | | **४,२८,९८८** | **२५,०९३** | **११६** | **९५,५६६** | **५,४९,७६३** |

स्रोतः नागरिक सम्बन्ध समिति

त्यसपछि सभाध्यक्ष सुवास नेम्वाङले २०६७ असोज २५ गते विवादका बुँदामा सहमति खोज्न एकीकृत माओवादी अध्यक्ष पुष्पकमल दाहालको संयोजकत्वमा उच्चस्तरीय कार्यदल गठन गरे। कार्यदलले नेपाली भाषालाई सरकारी कामकाजको भाषा बनाउने, गैरआवासीय नेपालीलाई राजनीतिक क्रियाकलापमा भाग लिन नपाउने गरी नागरिकता दिने, राष्ट्रिय अखण्डतामा खलल नपर्ने गरी राजनीतिक दल खोल्न प्रतिबन्ध नलगाउने, प्रादेशिक मुख्यमन्त्री विरुद्ध अविश्वास प्रस्ताव दर्ता गर्न विकल्प नचाहिने, स्थानीय तहमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको काम अलग-अलग संयन्त्रबाट गर्ने, मिश्रित अर्थनीति अवलम्बन गरिनेलगायतका विषयमा सहमति जुटायो। माओवादी र काङ्ग्रेस-एमालेलगायत दलहरूबीच धेरै मतभिन्नता रहेको 'न्यायप्रणालीसम्बन्धी जटिल मुद्दा'मा भएको सहमतिलाई त उल्लेखनीय उपलब्धिका रूपमै लिइएको छ। कार्यदलले केही विषय शासकीय स्वरूप

र सङ्घीय संरचनाको विषयसँग जोडिएको भन्दै 'पछि सहमति खोज्ने' गरी तत्काललाई पन्छायो । जस्तो, प्रदेश विभाजनपछि विद्यमान जिल्लाको संरचना कायम राख्ने कि नराख्ने भन्ने विषय राज्य पुनर्संरचना समितिसँग जोडिएको भन्दै पन्छायो । कार्यदलले असोज २५ देखि पुस ५ गतेसम्मको अवधिमा छलफल गरी २१० विवादित विषयमध्ये १२७ मा सहमति जुटायो । विवादका विषय ८३ वटा मात्रै कायम रह्यो ।

यसैबीच २०६७ पुस ५ मा बसेको २७ दलीय बैठकले 'म्याद थप नगरेपछि' कार्यदल विघटन भयो । माओवादी पार्टीभित्रबाटै 'अध्यक्षले आत्मसमर्पण गरेको' आरोप लागेपछि दाहाल कार्यदल विघटन गराउने मनस्थितिमा पुगेको भन्नेहरू पनि छन् । दाहालले 'लोकतान्त्रिक संविधान निर्माण'मा सहमति गरी पार्टीको एजेण्डा छाडेको भन्दै मोहन वैद्य पक्ष असन्तुष्ट थियो । मङ्सिर पहिलो साताको 'पालुङटार विस्तारित बैठक'मा जानुअघि एकपछि अर्को विषयमा सहमति गर्दै गएका दाहाल त्यहाँबाट फर्केपछि म्याद नथप्ने निर्णयमा पुग्नुले पनि उनलाई पार्टीभित्रैबाट दबाब परेको प्रस्ट हुन्छ ।

तालिका ४: **समितिहरूले खर्चेको समय**

| क्र.सं. | समितिको नाम | बैठक सङ्ख्या | समय |
|---|---|---|---|
| १ | संवैधानिक | ७९ | २०५ घण्टा |
| २ | राष्ट्रिय हितको संरक्षण | ९८ | ३३७ घण्टा |
| ३ | प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड | ९२ | ३३४ घण्टा ३० मिनेट |
| ४ | संवैधानिक निकायको संरचना निर्धारण | ५४ | १९१ घण्टा |
| ५ | व्यवस्थापकीय अङ्गको स्वरूप निर्धारण | ५० | २०९ घण्टा ४५ मिनेट |
| ६ | न्यायप्रणालीसम्बन्धी | ९९ | २५३ घण्टा ४५ मिनेट |
| ७ | अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण | ४८ | ३५२ घण्टा |
| ८ | मौलिक अधिकार तथा निर्देशक सिद्धान्त | १९७ | ४७८ घण्टा ३० मिनेट |
| ९ | सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण | ८१ | २ सय २३ घण्टा २४ मिनेट |
| १० | राज्यको शासकीय स्वरूप निर्धारण | १५५ | २४६ घण्टा ५० मिनेट |
| ११ | राज्यको पुनर्संरचना तथा राज्य शक्तिको बाँडफाँड | १७६ | ३३४ घण्टा २८ मिनेट |

स्रोतः समितिहरूका प्रतिवेदन

नोटः उपसमिति तथा कार्यदलको बैठक र त्यसमा खर्च भएको समयलाई पनि जोडिएको छ ।

कार्यदल विघटनपछि विवाद सल्टाउन सुरुमा २७ र पछि तराई मधेस लोकतान्त्रिक पार्टी विभाजन भई तमलोपा नेपाल बनेपछि २८ दलीय संयन्त्रको बैठक बस्न थाल्यो । त्यसले पनि कार्यदलले सहमति गरेका विषय अनुमोदन गर्नेबाहेक अन्य उपलब्धि हासिल गर्न सकेन । त्यसपछि विषयगत समितिका प्रतिवेदन विवादसहितै संवैधानिक समितिमा पठाउने निर्णय गरियो । विवाद छिनोफानो गरेर सभाले सबै प्रतिवेदन संवैधानिक समितिलाई उपलब्ध गराउनुपर्ने प्रावधान भए पनि उक्त प्रावधान संशोधन गरी विवादसहितका ७ विषयगत समितिको प्रतिवेदन संवैधानिक समितिमा पठाइयो । राज्य पुनर्संरचना तथा राज्यशक्ति बाँडफाँड समितिको प्रतिवेदन छलफल नगरिकनै संवैधानिक समितिमा पठाइयो ।

२०६७ फागुन १२ को संवैधानिक समिति बैठकले बाँकी रहेका विवादित बुँदामा सहमति खोज्न दाहालकै नेतृत्वमा प्रमुख दलका शीर्षनेता सम्मिलित विवाद समाधान उपसमिति गठन गर्‍यो । उपसमितिले प्रतिनिधिसभा र राष्ट्रियसभा नामका दुई सदनसहितको केन्द्रीय संसद बनाउने सहमति गर्‍यो । सङ्घीय व्यवस्थापिकाको तल्लो सदन विघटन गरी तोकिएको चुनाव हुन नसके विघटित संसद स्वतः पुनर्स्थापित हुने व्यवस्था नयाँ संविधानमा राख्न नपर्ने भन्दै उपसमितिले यो विषयमा पनि सहमति जुटायो । उपसमितिले व्यवस्थापकीय अङ्गको स्वरूप निर्धारण समितिको प्रतिवेदनमाथिका सबै विषय हल गर्‍यो । नयाँ चुनाव नभएसम्म संविधान जारी हुँदाकै राष्ट्रपति, उपराष्ट्रपति, मन्त्रिपरिषद् र संवैधानिक अङ्गका पदाधिकारीलाई निरन्तरता दिने विषयमा पनि उपसमितिमा सहमति जुट्यो । उपसमितिले सहमति जुटाउँदै गएपछि वैद्यपक्षीय माओवादी नेता देव गुरुङले ‘अध्यक्ष दाहाललाई राखेर उपसमिति बनाएको नै नमिलेको’ भन्दै यसको ‘म्याद थप्न नहुने’ प्रस्ताव बैठकमा नै राखेका थिए । यति हुँदाहुँदै पनि उपसमितिले विवादका मुद्दा धेरै नै साँघुर्‍यायो । पछिल्लो समय संविधानको नाम ‘नेपालको संविधान’ राख्ने, माओवादी लडाकूबारे संविधानमा उल्लेख गर्नु नपर्ने, १८ वर्ष पुगेकालाई अनिवार्य सैनिक तालिम लिनु नपर्नेलगायत विषयमा सहमति जुटाउँदै उपसमितिले विवादका प्रश्न २१ वटामा झारेको छ । यसरी दाहाल नेतृत्वको कार्यदलले २१० वटा विवादित विषयलाई ८३ मा झार्‍यो भने पछि उनकै संयोजकत्वमा रहेको विवाद समाधान उपसमितिले ती बुँदामा थप सहमति जुटाउँदै २१ वटामा ल्याएको हो । २०६८ जेठ १४ मा दोस्रोपटक संविधानसभाको म्याद थप भएपछि राज्य पुनर्संरचना समितिसँग सम्बन्धित ७८ वटा प्रश्नलाई २५ मा झारिएको छ ।

# अनुसूची १

## संविधान सभा बैठक बसेको मिति, प्रारम्भ र अन्त्यसम्बन्धी विवरण

| क्र.सं. | बैठक संख्या | मिति | सुरु समय | अन्त्य समय |
|---|---|---|---|---|
| १. | १ | २०६५/०२/१५ | ९:२० | ११:३५ |
| २. | २ | २०६५/०२/२३ | १:२५ | २:०० |
| ३. | ३ | २०६५/०२/२९ | ११:४० | १:४० |
| ४. | ४ | २०६५/०३/०४ | १२:२० | १२:५० |
| ५. | ५ | २०६५/०३/३१ | ५:१० | ५:१५ |
| ६. | ६ | २०६५/०४/०४ | ९:०० | ९:०५ |
| ७. | ७ | २०६५/०४/०६ | ५:५५ | ६:०० |
| ८. | ८ | २०६५/०४/०८ | १२:१० | १२:१५ |
| ९. | ९ | २०६५/०४/०९ | १:४० | २:०० |
| १०. | १० | २०६५/०४/१२ | २:२५ | ७:२० |
| ११. | ११ | २०६५/०७/२५ | ५:२० | ५:२५ |
| १२. | १२ | २०६५/०७/२६ | ८:२० | ९:३० |
| १३. | १३ | २०६५/०७/२९ | ५:४० | ७:२० |
| १४. | १४ | २०६५/०८/०१ | ४:१५ | ४:२० |
| १५. | १५ | २०६५/०८/१३ | १२:१५ | ४:४५ |
| १६. | १६ | २०६५/०८/१७ | ११:४० | ११:४५ |
| १७. | १७ | २०६५/०८/३० | ५:५५ | ६:२० |
| १८. | १८, १९ | २०६५/०९/१४ | १:३५, ३:२५ | १:४५, ४:२० |
| १९. | २० | २०६५/०९/२२ | ७:१० | ७:१५ |
| २०. | २१, २२, २३ | २०६५/०९/२६ | ८:३५, १०:०० १०:२० | ८:४०, १०:०५ १०:३० |
| २१. | २४ | २०६५/०९/२९ | ६:३० | ६:३५ |
| २२. | २५ | २०६५/१०/०६ | ८:४० | ८:४५ |
| २३. | २६ | २०६५/१२/३१ | ३:३० | ३:३५ |
| २४. | २७ | २०६६/०१/१६ | ३:०५ | ३:१० |
| २५. | २८ | २०६६/०२/११ | ५:१५ | ५:३५ |
| २६. | २९ | २०६६/०२/१३ | २:१५ | २:२५ |
| २७. | ३० | २०६६/०२/१७ | १:४५ | ६:२५ |
| २८. | ३१ | २०६६/०२/१९ | १:०५ | ६:५५ |
| २९. | ३२ | २०६६/०२/२० | १:१५ | ७:२५ |
| ३०. | ३३ | २०६६/०२/२१ | १:१५ | ७:२५ |

| क्र.सं. | बैठक संख्या | मिति | सुरु समय | अन्त्य समय |
|---|---|---|---|---|
| ३१. | ३४ | २०६६/०२/२२ | १:२५ | ६:३० |
| ३२. | ३५ | २०६६/०२/२४ | १:१५ | ५:२० |
| ३३. | ३६ | २०६६/०२/२५ | १:०५ | ६:०० |
| ३४. | ३७ | २०६६/०२/२६ | १:१५ | ६:४० |
| ३५. | ३८ | २०६६/०२/२७ | १:२० | ६:३५ |
| ३६. | ३९ | २०६६/०२/२८ | १:२० | ७:०५ |
| ३७. | ४० | २०६६/०३/०८ | १:१५ | १:२० |
| ३८. | ४१ | २०६६/०३/११ | १:१५ | ६:५५ |
| ३९. | ४२ | २०६६/०३/१२ | १:२५ | ७:०५ |
| ४०. | ४३ | २०६६/०३/१४ | १:२५ | ७:१० |
| ४१. | ४४ | २०६६/०३/१७ | १:२० | ७:४० |
| ४२. | ४५ | २०६६/०३/१८ | १:१५ | ८:०५ |
| ४३. | ४६ | २०६६/०३/२१ | १:३० | १:४० |
| ४४. | ४७ | २०६६/०४/०१ | १२:१० | ५:३५ |
| ४५. | ४८ | २०६६/०४/०२ | ११:४० | ४:४५ |
| ४६. | ४९ | २०६६/०४/०४ | ११:३० | ३:२० |
| ४७. | ५० | २०६६/०४/०५ | ११:१५ | ४:३५ |
| ४८. | ५१ | २०६६/०४/०६ | ११:२५ | ५:३५ |
| ४९. | ५२ | २०६६/०४/१९ | १२:४५ | १:०५ |
| ५०. | ५३ | २०६६/०४/२३ | ११:३५ | ४:५० |
| ५१. | ५४ | २०६६/०४/२६ | ११:४० | ५:०० |
| ५२. | ५५ | २०६६/०४/२७ | ११:३५ | ५:२० |
| ५३. | ५६ | २०६६/०४/२८ | ११:४५ | ५:१० |
| ५४. | ५७ | २०६६/०४/३२ | ११:३० | ५:५५ |
| ५५. | ५८ | २०६६/०५/२४ | ३:४० | ३:५० |
| ५६. | ५९ | २०६६/०५/२८ | ११:३० | ३:२० |
| ५७. | ६० | २०६६/०५/२९ | ११:३५ | ४:४० |
| ५८. | ६१ | २०६६/०५/३० | ११:३५ | ५:१० |
| ५९. | ६२ | २०६६/०५/३१ | ११:२५ | ५:१० |
| ६०. | ६३ | २०६६/०६/०१ | ११:४० | ७:१० |
| ६१. | ६४ | २०६६/०७/२९ | ११:४० | ११:५५ |
| ६२. | ६५ | २०६६/०८/०३ | ११:२० | ५:०५ |
| ६३. | ६६ | २०६६/०८/०७ | ११:०० | ४:४५ |

| क्र.सं. | बैठक संख्या | मिति | सुरु समय | अन्त्य समय |
|---|---|---|---|---|
| ६४. | ६७ | २०६६/०८/११ | ११:२० | ४:४५ |
| ६५. | ६८ | २०६६/०८/१२ | ११:२० | ५:४० |
| ६६. | ६९ | २०६६/०८/१४ | ११:२० | ७:१५ |
| ६७. | ७० | २०६६/०८/१६ | ४:५० | ५:०० |
| ६८. | ७१ | २०६६/०८/१९ | ११:०५ | ४:१५ |
| ६९. | | २०६६/०८/२१ | सूचना प्रकाशित | |
| ७०. | ७२ | २०६६/०८/२२ | १०:५५ | ४:३५ |
| ७१. | ७३ | २०६६/०८/२३ | १०:५० | ४:५० |
| ७२. | ७४ | २०६६/०८/२६ | ११:१० | ५:०० |
| ७३. | ७५ | २०६६/०८/२९ | ११:१५ | ५:२० |
| ७४. | ७६ | २०६६/०९/०८ | ३:१५ | ३:२० |
| ७५. | ७७ | २०६६/०९/२५ | ४:०५ | ४:२० |
| ७६. | ७८ | २०६६/०९/२८ | १०:५५ | ४:२५ |
| ७७. | ७९ | २०६६/०९/२९ | १०:५५ | १०:४५ |
| ७८. | ८० | २०६६/१०/०३ | ११:१५ | ५:२० |
| ७९. | ८१ | २०६६/१०/०४ | ११:०० | ४:३० |
| ८०. | ८२, ८३ | २०६६/१०/०७ | १०:४५, ६:२० | ६:०८, ६:४५ |
| ८१. | ८४ | २०६६/१०/१० | १०:५५ | ४:१५ |
| ८२. | ८५ | २०६६/१०/११ | १०:५५ | ४:४५ |
| ८३. | ८६ | २०६६/१०/१२ | ११:०० | ४:२० |
| ८४. | ८७ | २०६६/१०/१३ | १०:५५ | ६:०५ |
| ८५. | ८८ | २०६६/१०/१४ | ११:०० | ७:०० |
| ८६. | ८९ | २०६६/१०/१७ | ११:०० | ५:१५ |
| ८७. | ९० | २०६६/१०/१८ | ११:१५ | ६:३५ |
| ८८. | ९१ | २०६६/१०/१९ | १०:५५ | ६:०० |
| ८९. | ९२ | २०६६/१०/२० | १०:५५ | ५:५० |
| ९०. | ९३ | २०६६/१०/२१ | ११:३० | ७:४५ |
| ९१. | ९४ | २०६६/११/१९ | ३:२५ | ३:३५ |
| ९२. | ९५ | २०६६/११/२० | ३:३० | ३:४५ |
| ९३. | ९६ | २०६६/११/२५ | ३:५५ | ४:०० |
| ९४. | ९७ | २०६६/१२/०३ | ३:२० | ३:२५ |
| ९५. | | २०६६/१२/०८ | सूचना प्रकाशित | |
| ९६. | ९८ | २०६६/०७/२९ | ३:२५ | ३:३० |

| क्र.सं. | बैठक संख्या | मिति | सुरु समय | अन्त्य समय |
|---|---|---|---|---|
| ९७. | ९९ | २०६६/०८/०३ | ११:५५ | १२:१० |
| ९८. | १०० | २०६६/०८/०७ | ५:४० | ५:४५ |
| ९९. | १०१ | २०६६/०८/११ | २:५५ | ३:०० |
| १००. | १०२ | २०६६/०८/१२ | ४:४५ | ५:१० |
| १०१. | १०३ | २०६७/०९/२७ | ३:१० | ३:२० |
| १०२. | १०४ | २०६७/१०/०३ | ४:०० | ४:०५ |
| १०३. | १०५ | २०६७/१०/०४ | १:४० | १:४५ |
| १०४. | १०६ | २०६७/१०/१२ | ३:५० | ४:२० |
| १०५. | १०७ | २०६७/११/१६ | ३:४५ | ३:५० |
| १०६. | १०८ | २०६७/१२/०३ | ६:०० | ६:१० |
| १०७. | १०९ | २०६८/१/४ | ६:३५ | ६:४० |

# अनुसूची २
## संविधानसभाको कुन बैठकमा के भयो ?

**पहिलो बैठक, १५ जेठ २०६५**

- उमेरले जेठा सभासद् के.बी. गुरुङको अध्यक्षतामा संविधानसभाको पहिलो बैठक, तत्कालीन प्रम गिरिजाप्रसाद कोइरालाद्वारा 'नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरी कार्यान्वयन गरियोस्' भनी राखेको प्रस्ताव पारित।
- संविधानसभाको अन्तरिम कार्यविधि, २०६५ पारित।

**दोस्रो बैठक, २३ जेठ**

- ४४ सदस्यीय संविधानसभा नियमावली मस्यौदा समिति गठन।

**तेस्रो बैठक, २९ जेठ**

- कार्यव्यवस्था परामर्श समितिमा पदेन सदस्यहरूबाहेक ४४ सदस्यहरूको मनोनयन।
- प्रत्यक्ष निर्वाचनतर्फ दुई स्थानमा जितेकामध्ये एक स्थान रिक्त भएको घोषणा।

**चौथो बैठक, ४ असार**

- अध्यक्षको अनुपस्थितिमा सभाको अध्यक्षता गर्न थप ६ सभासद्को मनोनयन।

**पाँचौं बैठक, ३१ असार**

- राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी कार्यविधि पारित।

**छैटौं बैठक, ४ साउन**

- राष्ट्रपति र उपराष्ट्रपति निर्वाचन। उपराष्ट्रपतिमा परमानन्द झा निर्वाचित। राष्ट्रपतिका उम्मेद्वारको स्पष्ट बहुमत नपुगेकाले पुनः मतदान कार्यक्रम।

**सातौं बैठक, ६ साउन**

- राष्ट्रपतिका लागि पुनःमतदान।
- डा. रामवरण यादव राष्ट्रपति निर्वाचित।

**आठौं बैठक, ८ साउन**

- संविधानसभाको अन्तरिम कार्यविधि, २०६५ मा संशोधन।
- राष्ट्रपति डा. रामवरण यादव निर्वाचित भएको क्षेत्र रिक्त भएको जनाउ।

**नवौं बैठक, ९ साउन**

- संविधानसभा अध्यक्षमा सुवासचन्द्र नेम्वाङ निर्विरोध निर्वाचित।
- निर्वाचित अध्यक्षले संविधानसभामै शपथ लिने भन्ने प्रावधान संशोधन गरी राष्ट्रपतिसँग शपथ लिने व्यवस्था गर्न संविधानसभाको अन्तरिम कार्यविधि, २०६५ मा पुनः संशोधन।

**दशौं बैठक, १२ साउन**

- संविधानसभा नियामवली मस्यौदा समितिमा ६ जना सदस्य थप गरेर ५० जना पुऱ्याइयो।

**एघारौं बैठक, २५ कात्तिक**

- संविधानसभा नियमावलीको मस्यौदा सभामा प्रस्तुत।

**बाह्रौँ बैठक, २६ कात्तिक**

- संविधानसभाको दुई वर्षे कार्यतालिकाको मस्यौदा सभामा प्रस्तुत।

**तेह्रौँ बैठक, २९ कात्तिक**

- **संविधानसभा नियमावली पारित।**

**चौधौँ बैठक, १ मङ्सिर**

- संविधानसभाको ८२ हप्ते कार्यतालिका पारित, उपाध्यक्षको निर्वाचन कार्यक्रम घोषणा, बैठक सुरु हुनुअघि राष्ट्रिय धुन बजाउने प्रस्ताव अनुमोदन।

**पन्ध्रौँ बैठक, १३ मङ्सिर**

- उपाध्यक्षमा माओवादी सभासद् पूर्णकुमारी सुवेदी निर्वाचित।

**सोह्रौँ बैठक, १७ मङ्सिर**

- माओवादी सभासद् मोहन वैद्यले राजीनामा गरेको स्थानमा कुवेरबहादुर वली मनोनीत।

**सत्रौँ बैठक, ३० मङ्सिर**

- संविधानसभाका दशवटा विषयगत, एउटा संवैधानिक र चारवटा प्रक्रियागत समिति गठन।

**अठारौँ बैठक, १ पुस**

- ज्येष्ठ सदस्यको अध्यक्षतामा समितिका बैठक सम्पन्न।

**उन्नाइसौँ बैठक, १४ पुस**

- संविधानसभाको संवैधानिक समितिमा दुई जना मुस्लिम सभासद् मनोनयन गर्ने घोषणा, १५ पुसका लागि तय भएको समितिका सभापतिहरूको निर्वाचन पुनः स्थगित।
- संविधानसभाको कार्यतालिका, २०६५ मा पहिलो पटक संशोधन।

**बीसौँ बैठक, २२ पुस**

- कार्यतालिका, २०६५ मा दोस्रो पटक संशोधन, सभापतिहरूको निर्वाचन २९ पुसमा गर्ने निर्णय।

**एक्काइसौँ बैठक, २६ पुस (पहिलो)**

- एमाले सभासद् सुशीलचन्द्र अमात्यको राजीनामा।

**बाइसौँ बैठक, २६ पुस (दोस्रो)**

- अमात्यले राजीनामा गरी रिक्त रहेको स्थानमा माधवकुमार नेपाल सभासद्मा मनोनीत।

**तेइसौँ बैठक, २६ पुस (तेस्रो)**

- माधव नेपाल, बबन सिंह र सदरुल हक संवैधानिक समितिमा मनोनीत

**चौबीसौँ बैठक, २९ पुस**

- समितिका सभापतिहरूको निर्वाचन र शपथग्रहण सम्पन्न। विश्वनाथ उपाध्यायले सभासद् अस्वीकार गरेपछि उक्त स्थानमा नेपाल ट्रेड युनियन काङ्ग्रेसका महासचिव अच्युतराज पाण्डे मनोनीत।

**पच्चीसौँ बैठक, ६ माघ**

- विभिन्न समितिमा सदस्यहरूको हेरफेरसम्बन्धी प्रस्ताव पारित

**छब्बीसौँ बैठक**, **३१ चैत २०६५**

- कार्यव्यवस्था परामर्श समितिका सदस्यहरूको नामावली हेरफेर । संविधानसभाको कार्यतालिका, २०६५ मा तेस्रो पटक संशोधन ।

**सत्ताइसौँ बैठक**, **१६ वैशाख २०६६**

- संविधानसभाको कार्यतालिका, २०६५ मा चौथो पटक संशोधन ।
- विभिन्न समितिमा सदस्यहरूको नाम थप तथा हेरफेर ।

**अट्ठाइसौँ बैठक**, **११ जेठ**

- राष्ट्रिय हितको संरक्षण समितिको अवधारणापत्र तथा प्रारम्भिक मस्यौदा सभाध्यक्षसमक्ष प्रस्तुत ।

**उनन्तीसौँ बैठक**, **१३ जेठ**

- अवधारणापत्र तथा प्रारम्भिक मस्यौदा प्रतिवेदन अध्ययन समितिसम्बन्धी प्रस्ताव पारित ।

**तीसौँ बैठक**, **१७ जेठ**

- राष्ट्रिय हितको संरक्षण समितिको अवधारणापत्र तथा प्रारम्भिक मस्यौदा संविधानसभामा प्रस्तुत र छलफल प्रारम्भ ।
- अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समितिको अवधारणापत्र तथा प्रारम्भिक मस्यौदा सभाध्यक्षसमक्ष प्रस्तुत ।

**एकतीसौँ बैठक**, **१९ जेठ**

- राष्ट्रिय हितको संरक्षण समितिको अवधारणापत्र तथा प्रारम्भिक मस्यौदामा छलफल ।

**बत्तीसौँ बैठक**, **२० जेठ**

- संविधानसभाका विभिन्न समितिमा सदस्यहरूको नाम हेरफेर ।
- राष्ट्रिय हितको संरक्षण समितिको अवधारणापत्र तथा प्रारम्भिक मस्यौदामा छलफल ।

**तेत्तीसौँ बैठक**, **२१ जेठ**

- संविधानसभाका विभिन्न समितिमा सदस्यहरूको नाम हेरफेर ।
- राष्ट्रिय हितको संरक्षण समितिको अवधारणापत्र तथा प्रारम्भिक मस्यौदामा छलफल ।

**चौँतीसौँ बैठक**, **२२ जेठ**

- राष्ट्रिय हितको संरक्षण समितिको अवधारणापत्र तथा प्रारम्भिक मस्यौदामाथिको छलफलमा सदस्यहरूको बोल्ने क्रम समाप्त ।

**पैँतीसौँ बैठक**, **२४ जेठ**

- अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समितिको अवधारणापत्र तथा प्रारम्भिक मस्यौदामाथि सदस्यहरूको बोल्ने क्रम सुरु ।

**छत्तीसौँ बैठक**, **२५ जेठ**

- अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समितिको अवधारणापत्र तथा प्रारम्भिक मस्यौदामा छलफल ।

**सैतीसौँ बैठक**, २६ जेठ

- अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समितिको अवधारणापत्र तथा प्रारम्भिक मस्यौदामा छलफल।

**अठ्तीसौँ बैठक**, २७ जेठ

- अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समितिको अवधारणापत्र तथा प्रारम्भिक मस्यौदामा छलफल।

**उनन्चालीसौँ बैठक**, २८ जेठ

- अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समितिको अवधारणापत्र तथा प्रारम्भिक मस्यौदामा सदस्यहरूको बोल्ने क्रम समाप्त।

**चालीसौँ बैठक**, ८ असार

- सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको प्रतिवेदन सभाध्यक्षसमक्ष प्रस्तुत।

**एकचालीसौँ बैठक**, ११ असार

- कार्यव्यवस्था परामर्श समितिका केही सदस्य मन्त्रिपरिषद्मा सहभागी भएकाले समितिमा सदस्यहरू हेरफेर।
- सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको प्रतिवेदन संविधानसभामा प्रस्तुत।

**बयालीसौँ बैठक**, १२ असार

- सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको प्रतिवेदनमाथि सदस्यहरूको बोल्ने क्रम सुरु।

**त्रिचालीसौँ बैठक**, १४ असार

- सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको प्रतिवेदनमा छलफल।

**चवालीसौँ बैठक**, १७ असार

- सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको प्रतिवेदनमा छलफल।

**पैतालीसौँ बैठक**, १८ असार

- सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको प्रतिवेदनमाथिको छलफल समाप्त।

**छ्यालीसौँ बैठक**, २१ असार

- संवैधानिक निकायको संरचना निर्धारण समितिको अवधारणापत्र तथा प्रारम्भिक मस्यौदा सभाध्यक्षसमक्ष प्रस्तुत।

**सतचालीसौँ बैठक**, १ साउन

- कार्यव्यवस्था परामर्श समितिको परामर्शमा संविधानसभाको कार्यतालिका, २०६५ मा पाँचौँ पटक संशोधन।
- संवैधानिक निकायको संरचना निर्धारण समितिको अवधारणापत्र तथा प्रारम्भिक मस्यौदा संविधानसभामा प्रस्तुत र छलफल आरम्भ।

**अठ्चालीसौँ बैठक**, २ साउन

- संवैधानिक निकायको संरचना निर्धारण समितिको अवधारणापत्र तथा प्रारम्भिक मस्यौदामा छलफल।

**उनन्चासौँ बैठक**, ४ साउन

- संवैधानिक निकायको संरचना निर्धारण समितिको अवधारणापत्र तथा प्रारम्भिक मस्यौदामा छलफल।

**पचासौँ बैठक, ५ साउन**

- संवैधानिक निकायको संरचना निर्धारण समितिको अवधारणापत्र तथा प्रारम्भिक मस्यौदामा छलफल।

**एकाउन्नौँ बैठक, ६ साउन**

- संवैधानिक निकायको संरचना निर्धारण समितिको अवधारणापत्र तथा प्रारम्भिक मस्यौदामाथिको छलफल समाप्त।

**बाउन्नौँ बैठक, १९ साउन**

- व्यवस्थापकीय अङ्गको स्वरूप निर्धारण समितिको अवधारणापत्र तथा प्रारम्भिक मस्यौदा सभाध्यक्षसमक्ष प्रस्तुत।

**त्रिपन्नौँ बैठक, २३ साउन**

- व्यवस्थापकीय अङ्गको स्वरूप निर्धारण समितिको अवधारणापत्र तथा प्रारम्भिक मस्यौदा संविधानसभासमक्ष प्रस्तुत गरी छलफल आरम्भ।

**चवन्नौँ बैठक, २६ साउन**

- व्यवस्थापकीय अङ्गको स्वरूप निर्धारण समितिको अवधारणापत्र तथा प्रारम्भिक मस्यौदामा छलफल।

**पचपन्नौँ बैठक, २७ साउन**

- व्यवस्थापकीय अङ्गको स्वरूप निर्धारण समितिको अवधारणापत्र तथा प्रारम्भिक मस्यौदामा छलफल।

**छपन्नौँ बैठक, २८ साउन**

- व्यवस्थापकीय अङ्गको स्वरूप निर्धारण समितिको अवधारणापत्र तथा प्रारम्भिक मस्यौदामा छलफल।
- संवैधानिक समितिको रिक्त सभापति पदको निर्वाचन १ भदौमा गरिने तय।

**सन्ताउन्नौँ बैठक, ३२ साउन**

- संवैधानिक समितिका सभापतिको निर्वाचन मिति हेरफेर। १२ भदौमा उक्त पदको निर्वाचन गर्ने जानकारी।
- व्यवस्थापकीय अङ्गको स्वरूप निर्धारण समितिको अवधारणापत्र तथा प्रारम्भिक मस्यौदामाथिको छलफल समाप्त।

**अन्ठाउन्नौँ बैठक, २४ भदौ**

- कार्यव्यवस्था परामर्श समितिको परामर्शमा संविधानसभाको कार्यतालिका, २०६५ मा छैटौँ पटक संशोधन।
- संविधानसभाका विभिन्न समितिमा सदस्यहरूको नाम हेरफेर।
- न्यायप्रणालीसम्बन्धी समितिको अवधारणापत्र तथा प्रारम्भिक मस्यौदा सभाध्यक्षसमक्ष प्रस्तुत।

**उनसाठीऔँ बैठक, २८ भदौ**

- न्यायप्रणालीसम्बन्धी समितिको अवधारणापत्र तथा प्रारम्भिक मस्यौदा संविधानसभासमक्ष प्रस्तुत गरी छलफल आरम्भ।

**साठीऔँ बैठक, २९ भदौ**

- न्यायप्रणालीसम्बन्धी समितिको अवधारणापत्र तथा प्रारम्भिक मस्यौदामा छलफल।

**एकसट्ठीऔँ बैठक, ३० भदौ**

- न्यायप्रणालीसम्बन्धी समितिको अवधारणापत्र तथा प्रारम्भिक मस्यौदामा छलफल।

**बयसट्ठीऔँ बैठक, ३१ भदौ**

- न्यायप्रणालीसम्बन्धी समितिको अवधारणापत्र तथा प्रारम्भिक मस्यौदामा छलफल।

**त्रिसट्ठीऔँ बैठक, १ असोज**

- न्यायप्रणालीसम्बन्धी समितिको अवधारणापत्र तथा प्रारम्भिक मस्यौदामाथि छलफल समाप्त।

**चौसठ्ठीऔँ बैठक, २९ कात्तिक २०६६**

- मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिकी सभापति बिन्दा पाण्डेद्वारा समितिको मस्यौदा प्रतिवेदन सभामा प्रस्तुत।

**पैँसठ्ठीऔँ बैठक, ३ मङ्सिर २०६६**

- संविधानसभाको कार्यतालिका, २०६५ मा सातौँ पटक संशोधन।
- मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रारम्भिक मस्यौदामा छलफल आरम्भ।

**छैसट्ठीऔँ बैठक, ७ मङ्सिर २०६६**

- मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रारम्भिक मस्यौदामा छलफल।
- मङ्सिर ८, ९ र १० गते व्यवस्थापिकाको बैठकबाट बजेट पारित गर्नुपर्ने हुँदा ती मितिमा डाकिएको संविधानसभाको बैठक क्रमशः ११, १२ र १४ मङ्सिरमा बस्ने निर्णय।

**सतसट्ठीऔँ बैठक, ११ मङ्सिर २०६६**

- मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रारम्भिक मस्यौदामा छलफल।

**अठसट्ठीऔँ बैठक, १२ मङ्सिर २०६६**

- मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रारम्भिक मस्यौदामा छलफल।

**उनहत्तरौँ बैठक, १४ मङ्सिर २०६६**

- मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रारम्भिक मस्यौदामाथिको छलफल समाप्त।

**सत्तरीऔँ बैठक, १६ मङ्सिर २०६६**

- प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समितिकी सभापति अमृता थापामगरद्वारा समितिको अवधारणापत्रसहितको संविधानको प्रारम्भिक मस्यौदा प्रतिवेदन सभाध्यक्षसमक्ष प्रस्तुत्।

**एकहत्तरौँ बैठक, १९ मङ्सिर २०६६**

- प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समितिकी सभापति अमृता थापामगरद्वारा समितिको मस्यौदा प्रतिवेदन सभामा प्रस्तुत। छलफल पनि आरम्भ।

*(२१ मङ्सिर २०६६ मा बोलाइएको बैठक माओवादीले आह्वान गरेको नेपालबन्दका कारण हुन नसकेको।)*

**बहत्तरौँ बैठक, २२ मङ्सिर २०६६**

- प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समितिको मस्यौदा प्रतिवेदनमा छलफल।

**त्रिहत्तरौँ बैठक, २३ मङ्सिर २०६६**

- प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समितिको मस्यौदा प्रतिवेदनमा छलफल।

**चौहत्तरौँ बैठक, २६ मङ्सिर २०६६**

- प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समितिको मस्यौदा प्रतिवेदनमा छलफल।
- नेपाल बन्दका कारण २१ गते हुन नसकेको बैठक २९ गतेका लागि बस्ने निर्णय।

**पचहत्तरौँ बैठक, २९ मङ्सिर २०६६**

- प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समितिको मस्यौदा प्रतिवेदनमाथिको छलफल समाप्त।

**छ्यहत्तरौँ बैठक, ८ पुस २०६६**

- संविधानसभाको कार्यतालिका, २०६५ मा आठौँ पटक संशोधन । कार्यव्यवस्था परामर्श समितिको बैठकले मङ्सिर मसान्तसम्म प्रतिवेदन बुझाउन नसकेका समितिहरूलाई संशोधनले ७ माघसम्म प्रतिवेदन बुझाउने व्यवस्था गरेको छ ।

**सतहत्तरौँ बैठक, २५ पुस २०६६**

- तत्कालीन माओवादीका सभासद् द्वय मातृका यादव र जगतप्रसाद यादवले पार्टी परित्याग गरेकाले सदस्यता समाप्त भएको घोषणा ।
- संवैधानिक समितिका सभापति नीलाम्बर आचार्यले समितिको अवधारणापत्रसहितको प्रारम्भिक मस्यौदा सभामा प्रस्तुत ।

**अठहत्तरौँ बैठक, २८ पुस २०६६**

- संवैधानिक समितिको अवधारणापत्रसहितको प्रारम्भिक मस्यौदामा छलफल ।

**उनासीऔँ बैठक, २९ पुस २०६६**

- संवैधानिक समितिको अवधारणापत्रसहितको प्रारम्भिक मस्यौदामा छलफल ।

**असीऔँ बैठक, ३ माघ २०६६**

- संवैधानिक समितिको अवधारणापत्रसहितको प्रारम्भिक मस्यौदामा छलफल ।

**एकासीऔँ बैठक, ४ माघ २०६६**

- संवैधानिक समितिको अवधारणापत्रसहितको प्रारम्भिक मस्यौदामाथिको छलफल ।

**बयासीऔँ र त्रियासीऔँ बैठक, ७ माघ २०६६**

- संवैधानिक समितिको अवधारणापत्रसहितको प्रारम्भिक मस्यौदामाथिको छलफल समाप्त ।
- राज्य पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदन सभाध्यक्षसमक्ष पेस ।

**चौरासीऔँ बैठक, १० माघ २०६६**

- संविधानसभाको कार्यतालिका, २०६५ नवौँ पटक संशोधन ।
- राज्यको शासकीय स्वरूप निर्धारण समितिको प्रस्ताव सभामा प्रस्तुत र छलफल आरम्भ ।

**पचासीऔँ बैठक, ११ माघ २०६६**

- राज्यको शासकीय स्वरूप निर्धारण समितिको प्रतिवेदनमा छलफल ।

**छ्यासीऔँ बैठक, १२ माघ २०६६**

- -राज्यको शासकीय स्वरूप निर्धारण समितिको प्रतिवेदनमा छलफल ।
- सभासद्हरूलाई बोल्ने क्रममा माननीय, कर्मचारी र पत्रकारहरूलाई सम्बोधन नगर्न अध्यक्षको रुलिङ ।

**सतासीऔँ बैठक, १३ माघ २०६६**

- राज्यको शासकीय स्वरूप निर्धारण समितिको प्रतिवेदनमा छलफल ।
- राज्य पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदन सभामा प्रस्तुत ।

**अठासीऔँ बैठक, १४ माघ २०६६**

- राज्यको शासकीय स्वरूप निर्धारण समितिको प्रतिवेदनमाथिको छलफल समाप्त ।

**उनान्नब्बेऔँ बैठक, १७ माघ २०६६**

- राज्य पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा छलफल सुरु।

**नब्बेऔँ बैठक, १८ माघ २०६६**

- राज्य पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा छलफल।

**एकान्नब्बेऔँ बैठक, १९ माघ २०६६**

- राज्य पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा छलफल।

**बयानब्बेऔँ बैठक, २० माघ २०६६**

- राज्य पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा छलफल।

**त्रियानब्बेऔँ बैठक, २१ माघ २०६६**

- राज्य पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदनमाथिको छलफल समाप्त।

**चौरानब्बेऔँ बैठक, १९ फागुन २०६६**

- अवधारणापत्र र प्रारम्भिक मस्यौदासम्बन्धी प्रतिवेदन अध्ययन समितिका संयोजक अग्निप्रसाद खरेलले संवैधानिक निकायको संरचना निर्धारण समितिको अवधारणापत्र र प्रारम्भिक मस्यौदा प्रतिवेदनमाथि संविधानसभाले संवैधानिक समितिलाई दिनुपर्ने सुझाव र निर्देशनसम्बन्धी पूरक प्रतिवेदन सभामा पेस।

**पन्चान्नब्बेऔँ बैठक, २० फागुन २०६६**

- संवैधानिक निकायको संरचना निर्धारण समितिको अवधारणापत्र र प्रारम्भिक मस्यौदासम्बन्धी प्रतिवेदनलाई संवैधानिक समितिमा पठाउने निर्णय पारित।
- लगातार दशवटा बैठकमा अनुपस्थित सभासद्हरूको बिदा स्वीकृतिसम्बन्धी प्रस्तावमा सहमति।

**छयान्नब्बेऔँ बैठक, २५ फागुन २०६६**

- संविधानसभाको कार्यतालिका, २०६५ दशौँ पटक संशोधन।

**सन्तानब्बेऔँ बैठक, ३ चैत २०६६**

- लगातार दशवटाभन्दा बढी बैठकमा अनुपस्थित केही सभासद्को बिदा स्वीकृतसम्बन्धी प्रस्ताव पारित।

**अन्ठान्नब्बेऔँ बैठक, ९ चैत २०६६**

- लोकतान्त्रिक आन्दोलनका शिखर व्यक्तित्व तथा सभासद् गिरिजाप्रसाद कोइरालाको निधनसम्बन्धी शोक प्रस्ताव पारित।

**उनान्सयौँ बैठक, १७ चैत २०६६**

- अवधारणापत्र र प्रारम्भिक मस्यौदा प्रतिवेदन अध्ययन समितिका संयोजक अग्निप्रसाद खरेलले अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समितिको अवधारणापत्र र प्रारम्भिक मस्यौदासम्बन्धी प्रतिवेदनमाथि संविधानसभाले संवैधानिक समितिलाई दिनुपर्ने सुझाव र निर्देशनसम्बन्धी प्रतिवेदन सभामा पेस।

**सयौँ बैठक, २० चैत २०६६**

- परिमार्जित अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समितिको प्रतिवेदन सभाले पारित गरी संवैधानिक समितिमा पठाउने प्रस्ताव सर्वसम्मतिबाट पारित।

**एक सय एकौँ बैठक, २५ चैत २०६६**

- गिरिजाप्रसाद कोइरालाको निधन भएकोले उनको स्थान रिक्त भएको घोषणा।

**एकसय दुईऔँ बैठक,** २ साउन २०६७

- कार्यतालितकामा एघारौँ पटक हेरफेर। कार्यव्यवस्था परामर्श समितिलाई कामको समयावधि तोक्ने जिम्मा।

**एक सय तीनऔँ बैठक,** २७ पुस २०६७

- **संविधानसभा नियमावली–२०६४ संशोधन मस्यौदा समिति गठन। संखुवासभा–२ का सभासद् डम्बरबहादुर खड्काको निधनपछि उक्त स्थान रिक्त भएको जानकारी।**

**एक सय चारौँ बैठक,** ३ माघ २०६७

- नियमावली संशोधन प्रस्ताव सभामा पेस।

**एक सय पाँचौँ बैठक,** ४ माघ २०६७

- नियमावली संशोधन प्रस्ताव सभाबाट पारित।

**एक सय छऔँ बैठक,**१२ माघ २०६७

- सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको प्रतिवेदनलाई संवैधानिक समितिमा पठाउने निर्णय सभाबाट पारित।

**एक सय सातौँ बैठक,** १६ फागुन २०६७

- एकीकृत माओवादीका झापा क्षेत्र नम्बर २ बाट निर्वाचित संविधानसभा सदस्य गौरैरीशंकर खड्काको निधनपछि उक्त स्थान रिक्त भएको जानकारी।

**एक सय आठौँ बैठक,** ३ चैत २०६७

- राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा प्रस्तुत फरक मतका विषयमा संवैधानिक समितिले छलफल गरी टुङ्गो लगाउने भनी प्रस्ताव प्रस्तुत

**एक सय नवौँ बैठक,** ४ वैशाख २०६८

- श्यामसुन्दर गुप्ताको संविधानसभाको सदस्य पद खारेज भएकाले उक्त स्थान रिक्त भएको जानकारी

# सङ्क्रमणकालमा नेपाल

एलायन्स फर सोसल डायलग (एएसडी) ले शान्ति प्रक्रिया र संविधानसभाका कामको बारेमा जानकारी सहज रूपमा उपलब्ध होस् भन्ने उद्देश्यले सङ्क्रमणकालमा नेपाल नामक खण्ड आफ्नो वेब पेज www.asd.org.np मा सुरू गरेको छ । उक्त खण्डमा शान्ति प्रक्रियासम्बन्धी दस्तावेजहरू, संविधानसभाका गतिविधि, संविधानसभाका समितिहरूका काम, उनीहरूले तयार गरेका प्रतिवेदन, प्रतिवेदनमाथिको समीक्षात्मक लेखहरू समावेश गरिएको छ ।

यसमा राखिएका सामग्री तथा लेखहरूले संविधानसभाका समितिहरूमा उठेका मुद्दा, ती मुद्दाहरूमा राजनीतिक दलहरूले प्रस्तुत गरेका अवधारणा तथा सहमति र असहमतिका विषयहरूमा विस्तृत जानकारी उपलब्ध गराएका छन् । यी सामग्रीहरू नेपाली र अङ्ग्रेजी दुवै भाषामा छन् । संविधानसभाको समयसीमा दोस्रोपटक थप भएपछि उक्त खण्डमा संविधान निर्माण र शान्ति प्रक्रियाका विषयमा साप्ताहिक रूपमा अद्यावधिक विवरण राख्न पनि सुरू गरिएको छ ।

विस्तृत विवरणका लागि हेर्नुहोस्
http://www.asd.org.np/en/nepal-in-transition

# सामाजिक संवादका लागि सहकार्य (एएसडी)

'सामाजिक संवादका लागि सहकार्य' (एलायन्स फर सोसल डायलग - एएसडी) नेपालका विभिन्न ठाउँमा भिन्न-भिन्न विषय र क्षेत्रमा क्रियाशील संस्था एवं व्यक्तिहरूबीच संवाद प्रक्रियाबाट सहकार्यको संस्कृति विस्तार गर्ने उद्देश्य लिएर सुरु भएको अभियान हो । लोकतान्त्रिक मूल्य र मान्यता प्रवर्द्धन गर्नु यसको मूलभूत उद्देश्य हो । यो उद्देश्य प्राप्त गर्नका निम्ति एएसडीले नेपाली समाजको सरोकारका समसामयिक विषयमा सम्बद्ध पक्षबीच अन्तरक्रिया/बहस गर्दै, गराउँदै आएको छ ।

मानवअधिकार, स्वतन्त्र सञ्चार र शिक्षा आदि सामाजिक महत्त्वका क्षेत्रमा काम गरिरहेका नेपाली सरोकारवालाहरूसँग सहकार्य गर्दै बौद्धिक संवादका लागि प्रयत्नरत रहनु एएसडीको ध्येय हो । यही ध्येयअनुरूप एएसडीले यी क्षेत्रमा काम गरिरहेका संस्था तथा व्यक्तिहरूबीच सहकार्य र संवाद बढाउन परामर्श, छलफल, अध्ययन र कार्यशाला गोष्ठी जस्ता कार्यक्रम सञ्चालन गर्दछ । यस्ता छलफलले उच्च प्राथमिकतामा राखेका विषयहरूमा नीतिगत र गहन प्रकृतिको संवाद अघि बढाउन अवधारणापत्र समेत प्रकाशन गर्ने गर्दछ ।

एएसडीले मानवअधिकार, स्वतन्त्र सञ्चार र शिक्षाका क्षेत्रमा सक्रिय रहेर लोकतन्त्र तथा खुला/स्वतन्त्र समाजको प्रवर्द्धनमा लागिपरेका संस्था तथा व्यक्तिहरूका बीचबाट नयाँ र सिर्जनशील विषयहरु पहिचान गरी आगामी दिनमा काम गर्न सकिने विषयहरूको प्राथमिकता निर्धारण गरेको छ । त्यस्ता विषयहरूमा काम गर्न चाहिने अनुदान रकम प्राप्त गर्न अन्तर्राष्ट्रिय स्तरका सहयोगी संस्थाहरूसँग सहकार्य गर्दै स्थानीय र अन्तर्राष्ट्रिय संस्थाहरूबीचमा सञ्जाल निर्माण गर्ने काम पनि अगाडि बढाइएको छ ।

सरोकारवालाहरूसँगको छलफलका क्रममा प्राथमिकतामा परेका विषयहरूमा रचनात्मक कार्यक्रम सञ्चालन गर्न एएसडीले स्थानीय सङ्घसंस्थाहरूलाई प्रेरित गर्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका अवधारणा, नीति तथा कार्यक्रमहरूलाई सघाउ पुऱ्याउन सक्ने र स्थानीय स्तरमा देखिएका बाधा-व्यवधानहरु पहिचान गरी दिगो समाधान दिन सक्ने प्रकृतिका कार्यक्रमहरु सञ्चालन गर्नका लागि परियोजना प्रस्ताव तयार पारी अनुदान रकमका लागि आवेदन पेस गर्न पनि एएसडीले स्थानीय सङ्घसंस्थाहरूलाई प्रोत्साहित गर्दै आएको छ ।

Alliance for
Social Dialogue